# झी बहुउद्देश्यीय सहकारी लिमिटेड लोखिमको

## विनियम

२०७८

# प्रस्तावना

अन्तर्राष्ट्रिय सहकारीका मूल्य, मान्यता र सिद्धान्तहरुका आधारमा सदस्यहरुमा छरिएर रहेको श्रोत र साधनलाई एकीकृत गरी सदस्यहरुका निर्वाचित प्रतिनिधिद्वारा संचालित एवं प्रजातान्त्रिक पद्धतिबाट नियन्त्रित सहकारी संस्थाको माध्यमद्वारा हामी प्रत्येक सदस्यहरुको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासको लागि एक बहुउद्देशियय सहकारी संस्थाको गठन गरी संचालन गर्न आवश्यक भएकोले, थुलुङ दुधकोशी गाउँपालिकाको सहकारी ऐन, २०७५ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी **भ्री बहुउद्देश्यीय सहकारी लिमिटेड** को संस्थापनाको लागि मिति २०७८/०५/१५ गते बसेको प्रथम प्रारम्भिक भेलाको निर्णय वमोजिम यो विनियम तर्जुमा गरी मिति २०७८/०५/१९ गते वसेको प्रारम्भिक भेलाले सर्वसम्मतबाट पारित गरिएकोछ ।

परिच्छेद १

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस विनियमको नामः **झी बहुद्देश्यीय सहकारी लिमिटेड** को विनियम, २०७८ रहने छ ।

(ख) यो विनियम स्थानिय तहको दर्ता अधिकृतबाट स्वीकृत भएपछि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. संस्थाको नाम र ठेगाना :**

(क) संस्थाको नामः **झी बहुद्देश्यीय सहकारी लिमिटेड** रहनेछ । अंग्रेजीमा Jhee Multipurpose Co-operative Ltd. रहनेछ ।

(ख) संस्थाको ठेगाना :-

संस्थाको कार्यालय सोलुखुम्बु जिल्ला,थुलुङ दुधकोशी गाउँपालिका वडा नं ९ मा रहनेछ ।

(ग) गाउँपालिका कार्यालयको पूर्व स्वीकृति लिई मात्र ठेगाना परिवर्तन गरिनेछ । संस्थाका बढी सदस्यहरुलाई पायक पर्ने ठाँउमा कार्यालय राखिनेछ ।

(घ) सामान्यतय कार्यालय राख्दा समान प्रकृतिको अर्को सहकारी संस्था रहेको भवन प्रयोग गरिने छैन ।

(ङ.) ठेगाना परिवर्तनको सूचना अनिवार्य रुपमा आफ्ना सदस्यहरु एवं गाउँपालिका कार्यालय र सहकारीका संघहरुमा दिइनेछ ।

(च) सहकारी संस्थाको कार्यालय सबै सदस्यहरुको सहज पहूँच हुने र देखिने स्थानमा राखिने छ ।

(छ) संस्थाको साइनबोर्डमा स्पष्ट बुझिने गरी संस्थाको नाम, ठेगाना, स्वीकृत लोगो, कार्यक्षेत्र र सम्पर्कका लागि फोन, इमेल, वेबसाईट, पोष्ट बक्स आदि उल्लेख गरिनेछ ।

(ज) सम्पर्क वा पत्राचारको माध्यममा गरिने परिवर्तनको सूचना सबै सदस्य र सम्बद्ध सबै सरकारी निकाय तथा सहकारीका संघहरुमा गराइनेछ ।

(झ) समितिले संस्थाको कार्यालयमा सवैले देख्ने ठाँउमा निम्न कुराहरु खुलेको सूचना राखी सम्बन्धित सबैलाई सूसुचित गर्नेछ :-

(१) संस्थाको प्रमुख कारोवार ।

(२) कूल सदस्य संख्या ।

(३) कारोवारको विवरण - यस अन्तर्गत कूल संकलित शेयर पूँजि, कूल निक्षेप संकलन, कूल लगानी, र कारोवारबाट भएको लाभांश उल्लेख गरिनेछ । यस्तो विवरण लेखा परीक्षण गरेको गत आर्थिक बर्षको श्रेस्ताको आधारमा राखिनेछ ।

(४) लिने दिने ब्याज दर ।

(५) संचालक तथा लेखा समितिका पदाधिकारीको नाम, ठेगाना र सम्पर्क फोन ।

३. **कार्यक्षेत्र :** यस संस्थाको कार्यक्षेत्र सोलुखुम्बु जिल्लाको थुलुङ दुधकोशी गाउँपालिका वडा नम्बर ९ मा सीमित रहनेछ । र क्षेत्र विस्तार गर्नु परेमा साधरण सभाले निर्णय गर्ने तथा सम्बन्धित सरकारी कार्यालयबाट अनुमति लिइने छ र सो को जानकारी सहकारी संघमा दिईने छ ।

४. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विनियममा-

(क) "ऐन" भन्नाले थुलुङ दुधकोशी गाउँपालिकाको सहकारी ऐन २०७५ लाई सम्झनु पर्दछ ।

(ख) "नियमावली" भन्नाले संघिय सहकारी नियमावली २०७५ लाई सम्झनु पर्दछ ।

(ग) "रजिष्ट्रार" भन्नाले सहकारी विभागका रजिष्ट्रार वा निजबाट अधिकार प्राप्त अधिकारीलाई सम्झनु पर्दछ ।

(घ) "संस्था" भन्नाले **झी बहुद्देश्यीय सहकारी लिमिटेड लाई** सम्झनु पर्छ ।

(ङ) "विनियम" भन्नाले **झी बहुद्देश्यीय सहकारी लिमिटेड** को विनियम २०७८ सम्झनु पर्दछ ।

(च) "सदस्य" भन्नाले संस्थाको शेयर खरीद गरी यस विनियम बमोजिमको सदस्यको दायित्व निर्वाह गर्न तयार भएको व्यक्तिलाई सम्झनु पर्दछ ।

(छ) "साधारण सभा" भन्नाले प्रारम्भिक साधारण सभा, वार्षिक साधारण सभा र विशेष साधारण सभा समेतलाई सम्झनु पर्दछ ।

(ज) "समिति" भन्नाले संस्थाको संचालक समितिलाई सम्झनु पर्दछ ।

(झ) "संचालक" भन्नाले यस विनियम बमोजिम गठीत समितिका निर्वाचित अध्यक्ष, उपाध्यक्ष, एवं सदस्यहरुलाई सम्झनु पर्दछ ।

(ञ) "उपसमिति" भन्नाले संस्थाद्वारा यस विनियम बमोजिम कुनै निश्चित कार्य गर्नका लागि अवधि तोकी गठन गरिएको उप–समिति समेतलाई सम्झनु पर्दछ ।

(ट) "शेयर" भन्नाले संस्थाको शेयर पूँजीको विभाजित अंशलाई सम्झनु पर्दछ ।

(ठ) “शेयर प्रमाण पत्र” भन्नाले शेयर किन्ने व्यक्तिलाई सो वापत संस्थाबाट दिइएको निस्सालाई सम्झनु पर्दछ ।

(ड) “बचत परिचालन” भन्नाले सदस्यहरुवाट बचत संकलन गर्ने र सदस्यहरुमा ऋण लगानी गर्ने दुवै कार्यलाई सम्झनु पर्दछ ।

(ढ) “बचत निक्षेप” भन्नाले सदस्यहरुले पूर्व निर्धारित दरमा व्याजको रुपमा लाभ प्राप्त गर्ने गरी संस्थामा जम्मा गरेको रकमलाई सम्झनु पर्दछ ।

(ण) “ऋण” भन्नाले संस्थाले निश्चित सर्त र सम्झौताको आधारमा भविष्यमा निर्धारित दरमा व्याज बापतको रकम समेत थप गरी फिर्ता बुझाउने गरी ऐनको दफा २२ को अधिनमा रही ऋणको रुपमा प्राप्त गरेको रकमलाई सम्झनु पर्दछ ।

(त) “आर्थिक वर्ष” भन्नाले प्रत्येक वर्षको श्रावण एक गते देखि आषाढ मसान्त सम्मको अवधिलाई सम्झनु पर्दछ ।

(थ) ‘अध्यक्ष’ भन्नाले संस्थाको अध्यक्ष सम्झनु पर्छ ।

(द) ‘व्यवस्थापक’ भन्नाले संस्थाको व्यवस्थापक सम्झनुपर्छ ।

(ध) “तोकिए वा तोकिए बमोजिम” भन्नाले संस्थाको विनियम बमोजिम स्वीकृत नीति/नियममा उल्लेख भएकोलाई सम्झनु पर्दछ ।

## ५. संस्था संगठित संस्था हुने :

(क) संस्था अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित संस्था हुनेछ ।

(ख) संस्थाको सवै कामकाज प्रमाणित गर्नका लागि **अनुसूची-१** मा उल्लेख गरिए अनुसार आफ्नो छुट्टै चिन्ह अंकित छाप रहनेछ ।

(ग) संस्थाको छाप संचालक समितिवाट अधिकार प्राप्त व्यक्तिको जिम्मामा रहनेछ ।

(घ) संस्थाले व्यक्ति सरह प्रचलित कानून एवं यस विनियममा उल्लेख भए बमोजिम चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र सम्पत्ती बेचविखन गर्न कुनै प्रकारले बन्दोवस्त गर्न सक्नेछ ।

(ङ) संस्थाले व्यक्ति सरह आफ्नो नामवाट नालिस उजूर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

## ६. सहकारी सिद्धान्त र आबद्धता :

(क) अर्न्तराष्ट्रिय सहकारी महासंघद्वारा पारीत सहकारीका निम्न सात सिद्धान्तहरु यस विनियमको अभिन्न अंग हुनेछन् । यी सिद्धान्तहरुको अनुसरण गर्ने र गराउने गरी

संस्थाका क्रियाकलापहरु निर्देशित हुनेछन् ।

(१) स्वेच्छिक तथा खुला सदस्यता ।

(२) सदस्यहरुद्वारा प्रजातान्त्रिक नियन्त्रण ।

(३) सदस्यहरुको आर्थिक सहभागिता ।

(४) स्वायत्तता तथा स्वतन्त्रता ।

(५) शिक्षा, तालिम र सूचना ।

(६) सहकारीहरु वीच सहयोग ।

(७) समुदाय प्रति चासो ।

(ख) सहकारीको सिद्धान्त बमोजिम सहकारी वीच पारस्परिक सहयोगको अभिबृद्धि गर्न यो संस्थाको दर्ता भई प्रारम्भिक साधारण सभा सम्पन्न भएको ६ महिना भित्र सोलुखुम्बु जिल्ला सहकारी संघ लिमिटेडको सदस्यता लिइनेछ ।

परिच्छेद– २

## उद्देश्य र कार्य

**७. संस्थाको मुख्य उद्देश्य निम्न अनुसार रहेका छन :**

(१) सहकारी मूल्य मान्यता एवं सिद्धान्तको पालना गर्दै संस्थागत सुशासन कायम गर्न जोड दिने ।

(२) बचत तथा ऋणको कारोबार गर्ने ।

(३) बैंक तथा वित्तीय संस्थाहरुसंग कर्जा प्राप्त गरी आवश्यक सदस्यहरुलाई ब्यबसाय तथा उद्यममा वित्तिय स्रोतको ब्यबस्थापन गर्ने ।

(४) सदस्य तथा कार्यक्षेत्रका किसानहरुको कृषि उत्पादनलाई बजारको ब्यबस्थापन गर्ने ।

(५) सदस्य तथा कृषकहरुको उत्पादन क्षमता बृद्धि तथा ब्यबसायिक खति गर्न विभिन्न स्रोतहरु जुटाई तालिम सञ्चालन गर्ने तथा अन्य सरकारी सेवाहरुको लागी सहजिकरण गर्ने ।

(६) कार्य क्षेत्र भित्रका दलित, जनजाति, एकल महिला, अपांग, साना किसानहरुलाई संगठित गराई सहकारिताको माध्यमबाट उनीहरुको जीवनस्तर उकास्न आर्थिक, सामाजिक एवं सामूदायिक विकास हुने किसिमका कार्यहरु गर्ने ।

(७) सदस्यहरुलाई लक्षित गरेर उपभोक्ता भन्डार सञ्चालन गर्ने ।

(८) कृषि उत्पादनहरुको बजार ब्यबस्थापनको लागि संकलन केन्द्रको स्थापना गर्ने, मार्का स्थापित गर्ने र आवश्यक परेमा उपयुक्त स्थानको छनौट गरि बिकी केन्द्र समेत खोल्ने ।

(९) सदस्यहरुलाई उद्यमी बनाउने ।

## ८. कार्यहरु (गतिविधिहरु) :

संस्थाले विनियमको दफा ७ वमोजिमका उद्देश्यहरु प्राप्त गर्न प्रचलित ऐन, नियम निर्देशिकाहरुको पूर्ण पालना गरी निम्न कार्यहरु गर्नेछ ।

(१) सदस्यहरुमा बचत संस्कृतिको विकास गर्न नियमित र ऐच्छिक बचतका उपयुक्त स्वरुपहरु लागु गर्ने एवं बचत अभिबृद्धिका लागि चेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्ने ।

(२) सदस्यको माग अनूरुप स्थानीय रुपमा संकलित वित्तीय स्रोत अपर्याप्त भएमा अन्य संघ संस्था वा निकायबाट ऋण वा अनुदान प्राप्त गरी संस्थागत लगानी वा सदस्यहरुलाई धितो लिएर वा नलिई उचित व्याजदरमा ऋणको रुपमा परिचालन गर्ने ।

(३) परम्परागत कृषि प्रणालीबाट बजारमूखी कृषि प्रणालीमा रुपान्तरण गरी उत्पादन (प्रशोधन समेत) विनिमय (वितरण प्रणाली) उपभोगमा सहकारी पद्धत्तीको विकास गर्न आवश्यक कार्यहरु गर्ने ।

(३) प्रचार प्रसारका विभिन्न माध्यमहरुबाट सदस्यहरुलाई व्यावसायिक कृषि प्रणालीमा उत्प्रेरित गर्न चेतना जगाई बजारमुखी उत्पादनको तरिका प्रदर्शन, नतिजा प्रदर्शन, स्थलगत भ्रमण, तालिम आदिको माध्यमबाट कृषिको व्यावसायिकरण गर्न, उत्पादकत्व बढाउन र कृषि बजारमा सहज पहुँच पुऱ्याउन वित्तीय, प्राविधिक, सामाजिक र साँस्कृतिक सहयोग जुटाउने ।

(४) कृषिको उत्पादकत्व बढाउन कृषि सामाग्रिको सुलभता, सिंचाई, विद्युत, सडक र बजार जस्ता आधारभूत पूर्वाधार विकास गर्न मद्दत गर्ने वा सदस्यहरुबीचमा उपसमिति निर्माण गरी सम्बन्धित निकायहरुको स्वीकृति लिएर उक्त कार्यहरु सञ्चालन गर्ने ।

(५) सदस्यहरु लगायत स्थानिय कृषकहरुद्धारा उत्पादित कृषिजन्य बस्तुहरुको संकलन गर्ने, भण्डारण गर्ने, ढुवानी गर्ने, गुणस्तर जाँच गर्ने, अर्गानिक प्रमाणिकरण गर्ने ,बजारिकरण गर्ने एवं प्रशोधन उद्योगको स्थापना गर्ने जस्ता क्रियाकलापहरु संचालन गरी सदस्यहरुको उत्पादनको मूल्य अभिबृद्धि गर्नुका साथै रोजगारीका अवसरहरुको सृजना गर्ने ।

(६) सदस्यहरुमा सहकारीताको भावना र अभ्यास सुदृढ गरी उनीहरुको सामाजिक र सामूदायिक विकासका क्रियाकलाप सञ्चालन गर्न स्रोत तथा जनसहभागिता जुटाउने ।

(७) लैङ्गिक, जातीय र संस्कारजन्य विभेदहरु अन्त्य गरी समानताको भावना अभिबृद्धि गर्न आवश्यक चेतनामूलक कार्यक्रमहरु संचालन गर्ने ।

(८) विद्यमान निर्वाहमुखी खेती प्रणालीलाई आधुनिक तथा व्यवसायिक पद्धतिमा लैजाने खालका विभिन्न गतिविधिहरु संचालन गर्ने ।

तर, संस्था दर्ता पश्चात माथि उल्लिखित कार्यहरु गर्दा कुनै कारोवारको सिलसिलामा अन्य प्रचलित ऐन कानून अनुसार अन्य निकायहरुको स्वीकृति लिनुपर्ने भएमा सो लिएर मात्र कारोवार सञ्चलन गरिने छ ।

(९) सरकारी निकायहरुसँग आवश्यक समन्वय गरि कृषकहरुलाई आधुनिक खेति र पशुपालन सम्बन्धी तालिमहरु संचालन गर्ने ।

(१०) कार्यक्षेत्रका किसानहरुलाई कृषि सम्बन्धि बिमा गर्नको लागि प्रोत्साहन तथा सहजिकरण गर्ने ।

(११) कषिजन्य वस्तुहरुको प्रशोधन र बिक्रीको माध्यमबाट सदस्यहरुको आर्थिक सुरक्षाको सुनिश्चितता गर्ने ।

(१२) कार्यक्षेत्रका सदस्यबाहेकका अन्य कृषकहरुको उत्पादनहरु संकलन, ग्रेडिङ, र मार्का स्थापित गरेर उचित बजारको ब्यबस्थापन गर्ने ।

(१३) आर्गानीक खेति गर्न कृषकहरुलाई अभिप्रेरित गर्ने ।

(१४) कृषि, सहकारी तथा ब्यबस्थापन सम्बन्धी बिभिन्न तालिमहरु संचालन गर्ने ।

(१५) महिला-यूवा तथा लक्षित वर्गका मानिसहरुको लागि स्वरोजगारका लागि विभिन्न व्यावसायिक सीपमुलक तालिमहरु संचालन गर्ने

## परिच्छेद – ३

## **सदस्यता**

## ९. सदस्यता :

थुलुङ दुधकोशी गाउँपालिका वडा नम्बर ९ स्थायी ठेगाना भएका व्यक्तिहरु, संस्थाको स्वीकृत विनियम बमोजिम सदस्यको जिम्मेवारी स्वीकार गर्न मञ्जुर गर्ने निर्धारित योग्यता पुगेका इच्छुक देहायका व्यक्तिले विनियमको अधिनमा रही सदस्यता प्राप्त गर्न सक्नेछन :-

(क) संस्था दर्ताको  लागि निवेदन दिने ब्यक्तिहरु र

(ख) संस्था दर्ता भईसकेपछि विनियमको दफा १० वमोजिम सदस्यताको लागि योग्यता पुगेको व्यक्तिहरु ।

## १०. सदस्यताको लागि योग्यता :

सदस्यता प्राप्तिको लागि देहायमा उल्लेख भए बमोजिमको योग्यता पुगेको व्यक्ति हुनु पर्नेछ ।

(क) नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको ।

(ख) संस्थाको कार्यक्षेत्र भित्र स्थाई ठेगाना रहेको ।

(ग) संस्थाको सेवा उपभोग गर्न चाहने र संस्थामा जिम्मेवारी वहन गर्न स्वीकार गर्ने व्यक्ति ।

(घ) संस्थाको विनियमको पालना गर्न मञ्जुर गर्ने व्यक्ति ।

(ङ) प्रचलित कानूनले अयोग्य नठहरिएको व्यक्ति ।

(च.) संस्थाको स्वीकृत विनियम बमोजिम सदस्यता शूल्क बुझाएको र शेयर खरीद गरेको व्यक्ति ।

(छ) संस्थाको बचत नीति बमोजिम क्षमता अनुसार नियमित बचत गर्ने व्यक्ति ।

सदस्यता प्राप्त गर्न चाहने व्यक्तिले तोकिएको ढाँचामा उपरोक्त विवरण खोली आवश्यकता अनुसार सोको प्रमाण संलग्न गरी निवेदन पेश गरेपछि आवश्यक जाँचबुझ गरी संचालक समितिको निर्णय बमोजिम सदस्यता प्रदान गरिनेछ ।

## ११. प्रवेश शुल्क :

विनियमको दफा ९ अनुसार निवेदन स्वीकार भएको अवस्थामा सहकारी गठनको बेला बाहेक पछि सदस्य हुन चाहने निवेदकले प्रवेश शुल्क **रु ५००।-** (पछि फिर्ता नहुने गरी) बुझाउनु पर्नेछ ।

## १२. सदस्यता कायम नरहने :

(१) देहायमा उल्लेख भएका अवस्थामा कुनै व्यक्ति वा संस्थाको सदस्यता कायम रहने छैन ।

(१) तोकिएको अवधिभित्र शेयरको पुरा रकम चुक्ता नगरेमा ।

(२) सदस्यको मृत्यु भएमा ।

(३) मगज विग्रिएको प्रमाणित भएमा ।

(४) राजीनामा स्वीकृत भएमा ।

(५) सम्पूर्ण शेयर हस्तान्तरण गरेमा ।

(६) विनियमको दफा १३ अनुसार सदस्यतावाट निष्कासन भएमा ।

(७) संस्था विघटन भएमा वा खारेजीमा परेमा ।

(८) साधारणसभाको निर्णयले संस्थाको उद्देश्य वा हित विपरीत कार्य गरेको ठहर गरेमा ।

(९) विनियमको दफा १० वमोजिम योग्यता नभएमा वा नरहेमा ।

(२) उपदफा (१) मा जेसुकै कुरा लेखिएको भएता पनि कुनै सदस्यले संस्थाबाट प्राप्त गरेको ऋण वा संस्थालाई तिर्नु पर्ने बाँकी बक्यौता भुक्तानी गर्न बाँकी रहेछ भने त्यस्तो सदस्यले र त्यस्तो सदस्यको तर्फबाट धितो वा जमानत बस्ने अरु कुनै सदस्यले संस्थाको सदस्यताबाट राजीनामा गर्न पाउने छैन । राजिनामा स्वीकृत भईसकेको रहेछ भने पनि निजले संस्थालाई तिर्नुपर्ने दायित्ववाट उन्मुक्ति पाउनेछैन ।

## १३. सदस्यताबाट निष्काशन :

(१) संचालक समितिले छानवीन गरी एवं सफाईको मौका समेत दिई कुनै सदस्यलाइ निम्न आधारमा बहुमतको निर्णयले सदस्यताबाट निष्काशन गर्न सकिनेछः-

(क) संस्थाको संचालन र प्रगतिमा हानी हुने कुनै किसिमको कार्य गरेमा ।

(ख) संस्थाको स्वीकृत नीति नियम वर्खिलाप काम गरेमा ।

(ग) संस्थाको प्रतिष्ठामा आँच आउने खालको कार्य गरेमा ।

(घ) संस्थाको चल अचल सम्पत्ति हिनामिना गरेको प्रमाणित भएमा ।

(ङ) आफू आबद्ध रहेको समुहले निजलाई समुहबाट हटाउने वा निजलाई सदस्यताबाट निष्कासन गर्ने निर्णय गरी समिति समक्ष गरेको सिफारिस सञ्चालक समितिले स्वीकृत गरेमा ।

(च) विनियममा व्यवस्था भएबमोजिम सदस्य हुन आवश्यक योग्यता नरहेमा ।

(२) उपदफा (१) वमोजिम कुनै सदस्यलाई संचालक समितिले निष्काशन गर्नु अघि सम्बन्धित सदस्यलाई आफूलाई लागेको आरोप सम्बन्धमा स्पष्टीकरण दिने र आरोपको खण्डन गर्ने वा आवश्यक प्रमाण प्रस्तुत गर्न बढीमा ३५ दिनको म्याद दिइनेछ ।

(३) छानविनको क्रममा समितिको बहुमतको निर्णयले सम्बन्धित सदस्यलाई निलम्बन गरी संस्थाबाट कुनै खास सेवा वा सुविधा उपलब्ध गर्न नपाउने गरी बढीमा एक वर्ष सम्मका लागि बन्देज लगाउन सक्नेछ ।

(४) उपदफा (१) र (२) अनुसारको निर्णयमा चित्त नबुझेमा सदस्यले साधारण सभा समक्ष पुनरावेदन गर्न सक्नेछ र साधारण सभाको बहुमतले गरेको निर्णय अन्तिम हुनेछ ।

## १४. सदस्यताबाट राजीनामा :

(१) कुनै सदस्यलाई संस्थाको सेवा तथा सुविधा आफूलाई आवश्यक छैन भन्ने लागेमा सदस्यताबाट राजीनामा दिन सक्नेछ ।

तर, सदस्यता छाड्न चाहने सदस्यले संस्थाबाट लिएको ऋण वा अन्य कुनै बाँकी वक्यौता चुक्ता गर्न बाँकी रहेको खण्डमा त्यस्तो सदस्य र त्यस्तो सदस्यको जमानत बस्ने कुनै पनि सदस्यले राजिनामा दिन पाउने छैन ।

(२) सदस्य र त्यस्तो सदस्यको जमानत बस्ने सदस्यको राजिनामा स्वीकृत भई सकेको रहेछ भने पनि त्यस्तो व्यक्तिले संस्थालाई तिर्नु वुझाउनुपर्ने दायित्ववाट छुट पाउने छैन ।

(३) सदस्यतावाट दिएको राजीनामा समितिबाट स्वीकृत भई संस्थाको सदस्यताबाट हटेको व्यक्तिले पुनः सदस्यता प्राप्त गर्न चाहेमा राजिनामा स्वीकृत भएको मितिले एक वर्ष पछि मात्र पुन : रीतपूर्वक संस्थामा निवेदन दिएमा पुनः सदस्यता प्राप्त गर्न सक्नेछ ।

(४) सदस्यले सदस्यता छाड्नका लागि लिखित राजिनामा आर्थिक वर्ष समाप्त हुनु ३ महिना अगावै समितिलाई प्राप्त हुने गरी पेश गर्नु पर्नेछ । यस्तो राजिनामा चालु आर्थिक वर्षको अन्तिम दिनको भोलिपल्ट देखि लागु हुने गरी समितिले स्वीकृत गर्नेछ ।

## १५. सदस्यको काम, कर्तव्य र अधिकार :

सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छन :-

(क) एक सदस्य एक मतको मताधिकार प्रयोग गर्ने ।

(ख) साधारण सभाबाट निर्वाचित भई संस्थाको व्यवस्थापनको नेतृत्व लिने वा सरिक हुने ।

(ग) संस्थामा नियमित रुपमा बचत गर्ने र सोमा निर्धारित ब्याज प्राप्त गर्ने ।

(घ) संस्थाको वचत तथा ऋण नीतिको आधारमा ऋण प्राप्त गर्ने र सोको किस्ताबन्दी रुपमा साँवा तथा ब्याज नियमित रुपमा भुक्तानी गर्दै जाने ।

(ङ) सदस्य एवं समूहको हितमा संचालकहरुलाई आवश्यक सल्लाह र सहयोग पुऱ्याउने ।

(च) संस्थाको साधारण सभामा सहभागी भई छलफलमा भाग लिने तथा संस्थाको गतिविधिका वारेमा प्रश्न गर्ने ।

(छ) साधारण सभाको विभिन्न विषयमा गरिने निर्णमा आफ्नो मतको प्रयोग गर्ने ।

(ज) संस्थाले सदस्यका लागि संचालन गरेका सुविधाको उपभोग गर्ने ।

(झ) सहकारीका प्रचलित कानून र सहकारीका सर्बमान्य सिद्धान्त बमोजिम संस्था नचलेको अवस्थामा संस्थाको स्वीकृत विनियम बमोजिम संस्था सुद्धिकरणको अभियानमा सक्रियता लिने ।

## १६. सदस्यको दायित्व :

(१) सदस्यको दायित्व आफूले लिएको शेयर रकमसम्म मात्र सीमित रहनेछ ।

(२) संस्थाको विनियमको पालना गर्नु सम्पूर्ण सदस्यहरुको दायित्व हुनेछ ।

## १७. सदस्यताको दर्ता किताव :

समितिले सदस्यहरुको दर्ता किताब अनुसूची-२ बमोजिमका कुराहरु उल्लेख हुने गरी खडा गर्नेछ । शेयर सदस्यहरुको स्थायी ठेगाना, पेशा व्यवसाय, सम्पर्क फोन नम्बर, कारोवारको विवरण र सदस्यता मागको निवेदन तथा सदस्यता छाडेको अभिलेख अध्यावधिक गरी राख्नेछ । कार्यक्षेत्र बाहिर स्थाई ठेगाना रहेका ब्यक्तिलाई वा अनाधिकृत व्यक्तिलाई सदस्यता नदिइने र सदस्यता नदिई कारोवार गर्ने प्रवृतिलाई निरुत्साहित बनाई संस्थाको ख्याती बढाउने प्रयास समितिले गर्नेछ ।

परिच्छेद – ४

# शेयर पूँजी

## १८. शेयर पूँजी :

(१) संस्थाको कूल शेयर पूँजी **रु.२०,००,०००।- (अक्षेरुपी बिस लाख मात्र)** हुनेछ । संकलित शेयर पूँजीको रकम कुल बचत निक्षेपसंग कम्तिमा १:१० को रहने व्यवस्था समितिले मिलाउने छ ।

(२) संस्थाको कूल संकलित शेयर पूँजीको २० प्रतिशतमा नबढाई कुनै एक सदस्यले जतिसुकै पनि शेयर खरीद गर्न सक्नेछन ।

(३) संस्थाले सार्वजनिक रुपमा विज्ञापन गरी शेयर विक्री गर्ने छैन ।

(४) संस्थाले अर्को प्रारम्भिक सहकारी संस्थाको शेयर खरिद गर्ने छैन । तर सहकारीको सिद्धान्त बमोजिम सहकारी संस्थाहरु वीच आपसी संझौता बमोजिम संयुक्त रुपमा कुनै कार्यक्रम संचालन गर्न वा संस्थाको हीतका लागि आर्थिक कारोवार गर्न सकिनेछ ।

(५) संस्थाले कुनैपनि वित्तीय संस्था वा अन्य कम्पनीको शेयर खरिद गर्ने छैन ।

तर, सहकारी बैंक, साना किसान विकास बैंक वा आफू सदस्य रहेको सहकारीका संघहरुको शेयर खरीद गरी सहकारीको विकाशमा योगदान पु¥याउनेछ ।

(६) समितिले संकलित पूँजीको आधारमा उपरोक्तानुसारको कूल पूँजीमा साधारण सभाबाट अनुमोदन गराउने गरी पूँजी बृद्धि गर्दै लान सक्नेछ । यसका लागि संबन्धित सहकारी कार्यालयको स्वीकृति लिनेछ ।

## १९. शेयरको प्रमाणपत्र :

संस्थाले सदस्यहरुलाई शेयर खरीद गरे वापत **अनुसूची-३** बमोजिम संस्थाको छाप लागेको र अधिकार प्राप्त पदाधिकारीको हस्ताक्षर भएको शेयर प्रमाण पत्र रु.५० शुल्क लिई जारी गर्नेछ। शेयर प्रमाणपत्र हराएमा वा नासिएमा रु. १००।- तिरी सदस्यले अर्को प्रमाणपत्र प्राप्त गर्न सक्नेछन ।

## २०. शेयरको हस्तान्तरण वा फिर्ता :

(१) कुनै सदस्यको सदस्यता कायम नरहेमा निजले शेयर खरीद गरी संस्थामा लगानी गरेको रकम संस्थाको चालु आर्थिक वर्षको हिसावजाँच पश्चात निजले पाउनु पर्ने देखिएको रकम फिर्ता पाउनेछ ।

(२) संस्थाले कुनै सदस्यको मृत्यु भएमा वा निको नहुने गरि बहुलाएको प्रमाणित भएमा, निजको नाममा रहेको र संस्थावाट निजलाई प्राप्त हुने हक निजले कुनै हकवाला मनोनित गरेको रहेछ भने सो हकवालालाई र सो हकवाला नभए प्रचलित कानुन वमोजिमको हकवालाको नाउँमा सहकारी ऐनको अधीनमा रही नामसारी गरिदिनेछ ।

परिच्छेद–५

## बचत निक्षेप संकलन, ऋण लगानी, ब्याजदर र तरलता सम्बन्धी व्यवस्था

**२१. बचत निक्षेप संकलन :**संस्थाले देहाय वमोजिमको वचत सदस्यहरुवाट संकलन गर्न सक्नेछ :-

(१) सदस्यले साधारण वचतको रुपमा संस्थाको सदस्यता प्राप्त गरेको मिति देखि संस्थामा आफूले कबुल गरेको वचत रकमको किस्ताको भुक्तानी नियमित रुपमा गर्नुपर्नेछ । यस्तो नियमित बचत किस्ता अग्रिम रुपमा पनि जम्मा गर्न सकिनेछ ।

(२) सदस्यले संस्थाको वचत तथा ऋण नीतिको अधिनमा रही तीन महिना भन्दा वढी समयका लागि आवधिक वचतको रुपमा रकम जम्मा गर्न सक्नेछ र सो रकममा संस्थाले तोकेको ब्याज आवधिक रुपमा सदस्यले प्राप्त गर्नेछ ।

(३) सदस्यले उपदफा (१) वमोजिम जम्मा गरेको रकम जुनसुकै बेला पनि झिक्न सक्नेछ र साधारण वचतमा दिइने ब्याज सम्बन्धी व्यवस्था वचत तथा ऋण नीतिको अधिनमा रही समितिले समय समयमा तोके बमोजिम हुनेछ ।

(४) संस्थाले शेयर पुँजीको बढीमा १० गुणा सम्म मात्र सदस्यहरुबाट बचत संकलन गर्नेछ ।

(५) संस्थाले सार्वजनिक रुपमा विज्ञापन गरी बचत निक्षेप संकलन गर्ने वा ऋण प्रवाह गर्ने छैन ।

(६) संस्थाले बचत निक्षेप संकलन गर्ने र कर्जा प्रवाह गर्ने कार्य आफ्नो सदस्यहरुका वीचमा मात्र सीमित रही गर्ने छ ।

(७) संस्थाले गैह्र सदस्यसंग वचत तथा ऋणको कारोवार गर्नेछैन ।

(८) संस्थाले सहकारी बैंक, साना किसान विकास बैंक र सहकारीका संघहरु वाहेक प्राकृतिक व्यक्तिसंग मात्र बचत तथा ऋणको कारोवार गर्नेछ ।

(९) सामान्यतया कुनै सदस्यबाट एकमूष्ट आवधिक वचत स्वीकार गर्दा संस्थाले त्यस्तासदस्यको शेयर र वचत निक्षेपको अनुपात १:१० भन्दा बढी हुने छैन ।

## २२. ऋण लगानी :

(१) कुनै सदस्यले संस्थाबाट ऋण लिनु पर्दा संस्थाले तोकेको ऋण निवेदन फारम भरी ऋण लगानी उपसमिति समक्ष पेश गर्नु पर्नेछ ।

(२) समितिले सदस्यको सदस्यता, बचत निक्षेप रकम, सदस्यहरुको जमानी वा अन्य स्वीकृत धितोको आधारमा ऋण लगानी उपसमिति समेतको सिफारिशमा ऋण प्रदान गर्नेछ ।

(३) समितिले वचत तथा ऋण लगानी नीतिको अधीनमा रही सदस्यलाई निश्चित रकम सम्मको ऋण प्रदान गर्न ऋण लगानी उपसमितिलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

(४) संस्थाले कुनै एक सदस्यलाई संस्थाको प्राथमिक पुँजीको २० प्रतिशतमा ननघाई ऋण प्रदान गर्न सक्नेछ । सदस्यले लिएको ऋणको साँवा र ब्याज पुरै भुक्तानी नगरेसम्म निजलाई पुनः ऋण लगानी गर्नेछैन ।

**स्पष्टीकरणः** प्राथमिक पूँजी भन्नाले संस्थाको शेयर पूँजी तथा जगेडा कोषलाई सम्झनुपर्छ ।

(५) संस्थाले सदस्यलाई ऋण प्रदान गर्दा प्रदान गरिने ऋण रकमको कम्तिमा दोब्बर मूल्य बराबरको जायजेथा धरौटी राखी वा कुनै सदस्यको धन जमानीमा मात्र ऋण लगानी गर्नेछ ।

तर, संस्थाले औचित्यताको आधारमा सामूहीक जमानीमा ऋण लगानी गर्न बाधा परेको मानिने छैन ।

(६) संस्थाले जेथा धितो राखी ऋण लगानी गर्दा ऋण लिने सदस्यको आफ्नै वा एका सगोलका परिवारका सदस्यको नाममा रहेको जेथा धितो नराखी अर्काको जेथाको आधारमा मात्र ऋण लगानी गर्नेछैन ।

(७) सामान्यतः संस्थावाट एकै अवधिमा संस्थाका संचालक समितिका ४९ प्रतिशत भन्दा बढी पदाधिकारीहरुले ऋण लिन सक्नेछैनन् ।

(८) सदस्यले जुन उद्देश्यका लागि संस्थावाट ऋण लिएको हो सोही उद्देश्य प्राप्तिका लागि ऋणको उपयोग गर्नुपर्नेछ ।

(९) संस्थाले आफ्ना सदस्यको शेयर प्रमाण-पत्र वा अन्य कुनै सहकारी संस्थाको सदस्यको शेयर प्रमाण पत्र धितो जमानी राखी ऋण लगानी गर्नेछैन ।

(१०) संस्थाले संचालक समिति, लेखा समिति तथा ऋण लगानी उप-समितिका पदाधिकारीले लिएको ऋणको विवरण प्रत्येक ६ महिनामा सम्बन्धित कार्यालयमा पेश गर्नेछ ।

(११) समितिले संस्था दर्ता हुँदाका वखत आवेदक रहेका सदस्य वाहेक अन्य व्यक्तिको हकमा सदस्यको रुपमा तीन महिनासम्म संस्थामा नियमित बचत गरे पछि मात्र ऋण लगानी गर्नेछ ।

(१२) संस्थाका संचालक समिति, लेखा समिति तथा ऋण लगानी उप-समितिका पदाधिकारीले संस्थाबाट कर्जा लिएको भएमा उक्त कर्जाको भुक्तानी गर्ने भाका नघाउन पाउने छैन । कुनै कारणबाट भाका नाघ्न गएमा यसरी भाका नाघेको मितिले ३ महिना भित्रमा पनि उक्त कर्जालाई नियमित नगराएमा निज स्वतहः उक्त पदबाट मुक्त हुनेछ । यसरी रिक्त भएको पदमा निज जुन प्रकृया पूरा गरी उक्त पद पूर्ति गरिएको हो सोही प्रकृया पूरा गरी २ महिना भित्रमा अर्को पदाधिकारी छनौट गरिनेछ ।

(१३) ऋण लगानी प्रक्रियामा सदस्य एवं पदाधिकारी वीच अन्य कुनै किसिमको विभेद गरिने छैन ।

**२३. ऋणको किसिम :**

साधारण सभाले अनुमोदन गरेको ऋण नीतिको अधीनमा रही समितिले समय–समयमा ऋणको किसिम तोक्न सक्नेछ ।

**२४. ऋण नोक्सानी कोषको व्यवस्था :**

(१) संस्थाबाट प्रवाहित हुने ऋणलाई देहाय बमोजिम ३ वर्गमा विभाजन गरी ऋण नोक्सानी कोषको व्यवस्था गरिने छः

| क्र.सं. | ऋणको वर्गीकरण | भाका नाघेको अवधि | ऋण नोक्सानी कोषको व्यवस्था |
|---|---|---|---|
| १ | असल ऋण | भाका ननाघेको | १ प्रतिशत |
| २ | शंकास्पद ऋण | १ वर्ष सम्म भाखा नाघेको | ३५ प्रतिशत |
| ३ | खराव ऋण | १ वर्ष भन्दा बढी भाखा नाघेको | १०० प्रतिशत |

(२) संस्थाले उपदफा (१) मा उल्लेख भए बमोजिमको ऋणको बर्गीकरण र ऋण नोक्सानी कोषको व्यवस्था गरी प्रत्येक वर्ष साउन महिना भित्र सम्बन्धित कार्यालयमा विवरण पेश गर्नेछ ।

(३) संस्थाले आफ्ना सदस्यको शेयर प्रमाण-पत्र वा अन्य कुनै सहकारी संस्थाको सदस्यको शेयर प्रमाण पत्र धितो जमानी राखी ऋण लगानी गर्नेछैन ।

(४) समितिले संस्था दर्ता हुँदाका वखत आवेदक रहेका सदस्य वाहेक अन्य व्यक्तिको हकमा सदस्यको रुपमा तीन महिनासम्म संस्थामा नियमित बचत गरे पछि मात्र ऋण लगानी गर्नेछ ।

**२५. वचत निक्षेप तथा ऋण लगानीको रकममा ब्याज :**

(१) संस्थाले बचतमा प्रदान गर्ने ब्याज दर र ऋण लगानीमा लिने ब्याज दरको निर्धारण प्रचलित बजार दरको आधारमा गर्नेछ ।

(२) संस्थाले बजारमा प्रचलित ब्याज दर भन्दा अस्वभाविक रुपले बढी ब्याजमा बचत संकलन तथा ऋण लगानीको कारोबार गर्नेछैन ।

(३) संस्थाले सदस्यको बचतमा दिने उच्च ब्याज दर र ऋण लगानीमा लिने उच्च ब्याज दरको अन्तर सामान्यतया ६ प्रतिशत भन्दा बढी हुनेछैन ।

(४) समितिले सदस्यको विभिन्न उद्देश्यमूलक कार्यक्रम संचालनार्थ साधारण सभाले अनुमोदन गरे अनुरुप ऋण नीतिमा उल्लेख भए वमोजिम ऋणको किसिममा ब्याज तोक्नेछ ।

(५) संस्थाले बचत, ऋण लगानी, ब्याज निर्धारण आदि विषयहरुमा आवश्यक शर्त प्रक्रिया तथा कार्यविधिहरु वचत तथा ऋण नीतिमा व्यवस्था गर्नेछ । संस्थाले त्यस्तो वचत तथा ऋण नीति साधारण सभाबाट अनुमोदन गराई लागु गर्नेछ ।

(६) संस्थाले साधारण सभाबाट अनुमोदित वचत तथा ऋण नीति सम्बन्धित कार्यालयमा पेश गर्नेछ ।

(८) संस्थाले निर्धारण गरेको ब्याज दरको विवरण प्रत्येक ६ महिनामा सम्बन्धित कार्यालयमा पेश गर्नेछ ।

(९) संस्थाले व्याजदर परिवर्तन गरेमा सो को विवरण संस्थाको कार्यालयमा सबैले देख्ने गरी सूचना गर्नेछ । संस्थाले परिवर्तित व्याजदर सम्बन्धी विवरण परिवर्तन भएको ७ दिन भित्र सम्बन्धित सहकारी कार्यालयमा पेश गर्नेछ ।

(१०) संस्थाले सदस्यहरुका बिच लाभांश बितरण प्रयोजनको लागि नगद पद्धतिमा ब्याज आय लेखा राख्नेछ । नगदमा प्राप्त नभएको ब्याजलाई पाउनु पर्ने ब्याज हिसावमा लेखि व्याज मुल्तवी हिसावमा जम्मा गर्नेछ ।

**२६. विलम्ब शुल्क :**

(१) सदस्यले संस्थावाट लिएको ऋणको साँवा र व्याज तोकिएको अवधिमा नै तोकिए वमोजिम भुक्तानी गर्नुपर्नेछ ।

(२) सदस्यले उपदफा (१) वमोजिम ऋणको साँवा र व्याज भुक्तानी नगरेमा

(क) लिएको कर्जाको मासिक रुपमा व्याज भुक्तानी नगरेमा साधारण व्याजमा १ प्रतिशत अतिरिक्त व्याज लाग्नेछ ।

(ख) भुक्तानी गर्नु पर्ने शर्त भित्रको मितिमा सावाँ र व्याज भुक्तानी नगरेमा साधारण व्याजमा देहायको अतिरिक्त व्याज लाग्नेछ ।

- प्रथम महिनाको लागि एक (१) प्रतिशत
- दोश्रो महिनामा डेढ (१.५) प्रतिशत
- तेश्रो महिनामा दुई (२) प्रतिशत

(३) उपदफा (२) मा उल्लेखित भन्दा बढी अवधिको लागि ऋण नीतिमा उल्लेख भए बमोजिम विलम्ब शुल्क लाग्नेछ । तर ऋणीको आर्थिक स्तर र अवस्था हेरी समितिले तोके बमोजिम विलम्ब शुल्क छुट दिन सक्नेछ ।

**२७. तरलता :**

(१) संस्थाले कुल बचत रकमको कम्तिमा १० प्रतिशत रकम अनिवार्य रुपमा तरलताको रुपमा राख्नेछ । यस प्रयोजनको लागि नगद मौज्दात, आवधिक बचत र सरकारी ऋण पत्रमा गरेको लगानी एवं सहकारी बैंक र साना किसान विकास बैंकमा राखेको मौज्दात लाई समेत तरल सम्पत्ति मानिनेछ ।

(२) संस्थाले उपदफा (१) बमोजिमको तरलता रकम मध्ये कम्तिमा पाँच (५) प्रतिशत नगद मौज्दात राख्नु पर्नेछ ।

(३) संस्थाले तरलताको गणनागर्दा प्रत्येक महिनाको अन्तिम दिनलाई आधार मान्नेछ ।

(४) संस्थाले तरलता समेत खुलेको कारोवार सम्वन्धी विवरण संस्थाको कार्यालयमा मासिक रुपमा प्रकाशन गर्नेछ ।

(५) संस्थाले तरलता सम्बन्धी विवरण समेतको प्रतिवेदन सम्बन्धित कार्यालयमा प्रत्येक ६ महिनामा पेश गर्नेछ ।

परिच्छेद – ६

## संस्थाको सभा र कार्य संचालन विधि

**२८. प्रारम्भिक साधारण सभा :**

(१) तदर्थ संचालक समितिले संस्था दर्ता भएको मितिले ६ महिना भित्र संस्थाको प्रारम्भिक साधारणसभा सम्पन्न गर्नेछ ।

(२) उपदफा (१) बमोजिम समितिले प्रारम्भिक साधारणसभा नबोलाएको अवस्थामा कुनै सदस्यले प्रारम्भिक साधारणसभा वोलाईदिन सम्बन्धित कार्यालयमा निवेदन दिएमा वा त्यस्तो निवेदन नदिएमा पनि रजिष्ट्रारले सहकारी ऐन, नियम अनुसार प्रारम्भिक साधारणसभा बोलाउन सक्नेछ ।

(३) संस्थाको कूल सदस्य संख्याको ५० प्रतिशत सदस्यहरुको उपस्थिति भएमा प्रारम्भिक साधारण सभा संचालन गर्न गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) प्रारम्भिक साधारण सभाले देहायका कार्यहरु गर्नेछ :–

(क) सभाको सभापतिको चयन गर्ने ।

(ख) अघिल्लो दिनसम्मको संस्थाको काम कारवाहीको हर हिसावको जानकारी लिने ।

(ग) सभामा पेश भएका प्रारम्भिक प्रतिवेदनमाथि छलफल गर्ने र निर्देशन दिने ।

(घ) विनियममा भएको व्यवस्था बमोजिम बनेको निर्वाचन समितिले विनियममा उल्लेख भए बमोजिम पदाबधि रहने गरी संचालक समिति र लेखा समितिको निर्वाचन गर्ने ।

(ङ) विनियममा तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

**२९. वार्षिक साधारण सभा :**

(१) संस्थाका सम्पूर्ण शेयर सदस्य भएको एउटा साधारण सभा हुनेछ । प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले बढीमा ६ महिना भित्र संचालक समितिले वार्षिक साधारण सभा बोलाउने छ ।

(२) उप दफा (१) बमोजिम  वार्षिक साधारण सभा नबोलाईएको अवस्थामा कुनै सदस्यले त्यस्तो सभा वोलाउन रजिष्ट्रार समक्ष निवेदन दिएमा वा नदिएमा पनि उपदफा (१) मा तोकिएको म्याद समाप्त भएको मितिले ३५ दिन भित्र रजिष्ट्रार वा निजले तोकेको व्यक्तिले त्यस्तो सभा वोलाएमा सभा संचालनमा चाहिने सम्पूर्ण सहयोग एवं आर्थिक दायित्व संस्थाबाट व्योहोरिने छ ।

(३) उपदफा (१) र उपदफा (२) बमोजिम वार्षिक साधारण सभा बोलाउंदा सभा हुने स्थान, समय र मिति तथा छलफलका विषयहरु समेत खुलेको विवरण कम्तीमा एक्काईस ( २१) दिन अगावै सदस्यहरुलाई सार्वजनिक रुपमा सूचना दिनुपर्ने कर्तव्य संचालक समितिले निर्वाह गर्नेछ । यस प्रकारको सूचना संस्थाले ओगटेको कार्यक्षेत्रको सार्वजनिक स्थानमा साधारण सभा हुनु भन्दा २१ दिन अघि नै टाँस गरी सोको मुचुल्का समेत तयार गरी राख्नु पर्नेछ ।

(४) वार्षिक साधारण सभाको गणपूरक संख्या त्यस्तो सभाको कुल सदस्य संख्याको  २५ प्रतिशत वा १३ जनामा जुन बढी हुन्छ सोही संख्यामा सदस्यहरु उपस्थित भएमा सभाको काम कारवाही शुरु हुनेछ ।

(५) पहिलो पटक गणपूरक संख्या नपुगी दोश्रो पटक सभा बोलाउनु परेको अबस्थामा सदस्यहरुलाई कम्तिमा ७ दिनको अर्को सूचना दिनु पर्नेछ । त्यसरी बोलाईएको सभाको गणपुरक संख्या कुल सदस्य संख्याको १५ प्रतिशत वा ११ जना जुन बढी हुन्छ, सोहि मानिने छ ।

(६) वार्षिक साधारणसभाको सभापतित्व समितिको अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले र निजको पनि अनुपस्थितिमा उपस्थित सदस्यहरुले आफूंमध्ये वाट छानेको सदस्यले सभाको सभापतित्व गर्नेछ ।

(७) वार्षिक साधारण सभामा छलफल गरिने सवै विषयहरु प्रस्तावको रुपमा पेश गर्नु पर्नेछ र त्यस्तो प्रस्ताव सभामा उपस्थित सदस्यहरुको बहुमतबाट निर्णय गरिने छ मत बरावर भएमा सभापतिले निर्णायक मत दिनेछ ।

## ३०. साधारण सभाको काम, कर्तव्य र अधिकार :

(१) साधारण सभाका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्:-

(क) संचालक समितिका पदाधिकारीलाई हटाउने वा समिति वा लेखा समितिको विघटन गर्ने । निर्वाचन समितिले संचालन गरेको निर्वाचन कार्यक्रमा सहभागी भई निर्धारित पदाबधिका लागि संचालक समिति र लेखा समितिको निर्वाचन गर्ने ।

(ख) संचालक समिति तथा लेखा समितिको प्रतिवेदन उपर छलफल गरी निर्देशन दिने ।

(ग) सहकारी ऐन नियम विपरित नहुने गरी विनियम संशोधनको प्रस्ताव उपर छलफल गरी निर्णय गर्ने ।

(घ) मिनाहा सम्वन्धी प्रस्ताव उपर छलफल र निर्णय गर्ने ।

(ङ) वजेट उपर छलफल गरी पारित गर्ने ।

(च) संचालक समितिले पेश गरेको वार्षिक कार्यक्रम उपर छलफल गरी स्वीकृती प्रदान गर्ने । प्रगति प्रतिवेदन, वार्षिक लेखापरीक्षण प्रतिवेदन, स्थिति विवरण पत्र र आर्थिक विवरणहरुमा समीक्षा गर्ने र पारित गर्ने ।

(छ) सदस्य निष्काशन सम्वन्धमा समितिको निर्णय उपर पुनरावेदन सुन्ने र निर्णय गर्ने ।

(ज) वार्षिक हिसाव जांच गराउन लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने ।

(झ) नियमित बचत, आवधिक वचत, ऋणको किसिम र सोमा वितरण गरिने व्याजको प्रतिशत सम्बन्धमा छलफल गरी अनुमोदन गर्ने ।

(ञ) विनियम वमोजिम वचत कोष तथा सदस्यले कारोवारमा गरेको योगदानका आधारमा संरक्षण पूँजि फिर्ता कोषबाट थप लाभांश वितरण गर्न स्वीकृति दिने ।

(ट) संस्थाले लिन दिन सक्ने अधिकतम ऋण वा धरौटीको सीमा तोक्ने ।

(ठ) एक तह माथिको सहकारी संघको सदस्यता लिन निर्देशन दिने तथा केन्द्रीय वा जिल्ला संघको प्रतिनिधित्व गर्न प्रतिनिधि तोक्ने ।

(ड) संस्थाको आर्थिक प्रशासन विनियम, कर्मचारी प्रशासन विनियम तथा वचत तथा ऋण नीति पारित वा अनुमोदन गर्ने तथा परिमार्जन गर्ने ।

(ढ) साधारण सभाको अध्यक्षले पेश गर्ने अन्य कुनै प्रस्ताव उपर विचार गर्ने ।

(ण) रजिष्ट्रार वा निजबाट अधिकार प्राप्त अधिकारीले संस्थामा गरेको निरिक्षण प्रतिवेदन उपर छलफल गर्ने र संचालकहरुलाई निर्देशन दिने ।

(त) अध्यक्षको राजिनामा स्वीकृती गर्ने ।

(थ) संचालक समितिलाई मार्गदर्शन गर्ने ।

(द) संस्थाको विभाजन, एकीकरण, विघटन सम्वन्धी निर्णय गर्ने ।

(ध) संस्थाको विवादित विषयहरुमा आवश्य निर्णय लिने ।

(न) संस्था संचालनका लागि आवश्यक पर्ने कर्मचारीहरुको दरवन्दी स्वीकृत गर्ने वा थप घट गर्ने ।

(२) साधारण सभाको निर्णयहरु प्रमाणित गर्न संचालक समितिका एक जना संचालक र न्यूनतम २ जना शेयर सदस्यहरु सभाले छनौट गर्नेछ । निर्णय पुस्तिका सूरक्षित राख्नुपर्ने दायित्व संस्थाका प्रबन्ध संचालक वा अध्यक्ष स्वंयले जिम्मा लिने व्यवस्था मिलाइनेछ । निर्णय प्रमाणित गर्ने कार्य संस्थाका अध्यक्षको हुनेछ ।

(३) संस्था बिघटन, एकीकरण वा बिभाजन गर्नुपर्ने भएमा सहकारी ऐन, नियम बमोजिमको प्रकृया पुऱ्याई गरिनेछ ।

**३१. विशेष साधारण सभा :**

(१) संस्थाको विशेष साधारण सभा देहायको अवस्थामा १५ दिनको सूचना दिई संचालक समितिले बोलाउन सक्नेछ । सूचना गर्ने प्रक्रिया नियमित साधारण सभाफै अवलम्बन गरिनेछः-

(क) संस्थाको हिसाब जाँचको सिलसिलामा लेखापरीक्षकले पर्याप्त कारण देखाई संचालक समिति समक्ष सुझाव पेश गरेमा वा

(ख) लेखा समितिले यथेष्ट कारण समेत खोली समितिलाई लिखित सुझाव पेश गरेमा वा

(ग) कुनै संचालकले उचित कारण खोली विशेष साधारण सभा बोलाउन माँग गरेको प्रस्ताव समितिद्वारा पारित भएमा वा

(घ) संस्थाको कूल सदस्यको १० प्रतिशत वा १० जना मध्ये जुन वढी हुन्छ सो संख्याले प्रर्याप्त कारण देखाई संचालक समिति समक्ष निवेदन दिएमा वा

(२) विशेष साधारण सभाका लागि गणपूरक संख्या कूल सदस्य संख्याको १५ प्रतिशत वा ११ जनामा जुन बढी हुन्छ सोही हुनेछ ।

(३) विशेष साधारण सभाको अध्यक्षता समितिको अध्यक्षले, अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले र निजको पनि अनुपस्थितिमा उपस्थित सदस्यहरुबाट छानिएका सदस्यले गर्नेछन् ।

(४) यो सभा जुन प्रयोजनका लागि डाकिएको हो सोही विषयमा मात्र छलफल गरी निर्णय गरिनेछ ।

## ३२. संचालक समिति :

(१) संस्थामा ७–९ जना संचालकहरु रहेको एउटा संचालक समिति रहनेछ । संस्थाको कार्यक्षेत्र, सदस्य संख्या र कारोबारको आधारमा साधारण सभाले सञ्चालक समितिको संख्या निर्धारण गर्नेछ । समितिमा एकजना अध्यक्ष, एक जना उपाध्यक्ष, एक जना सचिव, एकजना कोषाध्यक्ष, एक जना सहसचिव र बाँकी सदस्य रहनेछन । संभव भए सम्म संचालक समितिको स्वरुप समावेशी बनाइनेछ ।

(२) सदस्यहरुबाट समितिको निर्वाचन तोकिए बमोजिम प्रजातान्त्रिक प्रक्रिया अनुरुप सम्पन्न गरिनेछ ।

(३) एकाघर परिवारबाट एक भन्दा वढी व्यक्ति एकै अवधिमा संचालकको पदमा वहाल रहन पाउने छैनन् ।

(४) संस्थाको ऋणी सदस्यले भाका नाघेको ऋण चुक्ता नगरे सम्म समितिको कुनै पदमा उम्मेदवार हुन पाउने छैन ।

(५) संचालकको पदावधि समाप्त हुनु अगावै नयाँ संचालक समितिको निर्वाचन गराउने दायित्व निर्वाह नगरी पदाबधि गुजारेको अवधि ३ महिना वितिसकेको भए ती संचालकहरु नयाँ संचालक समिति र लेखा समितिको निर्वाचनमा उम्मेदवार हुन पाउने छैनन् ।

## ३३. संचालकहरुको पदावधि :

(१) संचालकहरुको पदावधि निर्वाचित भई शपथ गरेको मितिले २ वर्षको हुनेछ । संचालकहरु संचालक समितिमा पुनः निर्वाचित हुन सक्नेछन् ।

(२) कुनै संचालकको पद कुनै कारणबाट रिक्त भएमा सो रिक्त पदको पूर्ति साधारण सभावाट निर्वाचनद्धारा मात्र हुनेछ ।

(३) नयाँ समितिको निर्वाचन नभए सम्म सविककै समितिले विनियममा व्यवस्था भए वमोजिम संस्थाको कार्य संचालन गर्नेछ ।

## ३४. समितिको बैठक :

(१) संस्थाको कार्यसंचालनको लागि समितिको वैठक नियमित रुपमा वस्नेछ । समितिको दुई बैठक बीच ४५ दिन भन्दा बढीको अन्तर हुनेछैन । अध्यक्ष स्वंयले वा अध्यक्षको निर्देशानुसार तोकिएको मिति, स्थान र समयमा प्रबन्धकले समितिको वैठक बोलाउनेछ ।

(२) अध्यक्षले वैठकको अध्यक्षता गर्नेछ । अध्यक्षको अनुपस्थितिमा उपाध्यक्ष र निज पनि उपस्थित नभएको हकमा सदस्यहरुको बहुमतबाट छानिएको सदस्यले अध्यक्षता गरी छलफलका विषय माथि निर्णय गर्न सक्नेछ ।

(३) समितिका एकाउन्न प्रतिशत संचालकहरु वैठकमा उपस्थित भए वैठक संचालनको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) समितिका कम्तीमा ५ जना संचालकहरुले समितिको बैठक डाक्न अध्यक्षलाई लिखित सूचना गरेमा ७ दिन भित्र समितिको बैठक बस्ने व्यवस्था गरिनेछ ।

## ३५. सञ्चालकको पदमा वहाल रहन नसक्ने अवस्था :

देहायका अवस्थामा समितिको संचालक पद रिक्त भएको मानिनेछ :-

(क) अध्यक्ष बाहेक अन्य पदाधिकारीले अध्यक्ष समक्ष दिएको राजिनामा स्वीकृत भएमा र अध्यक्षको हकमा साधारण सभाले निजको राजिनामा स्वीकृत गरेमा ।

(ख) मृत्यु भएमा ।

(ग) संस्थालाई जानकारी नदिई संस्थाको कार्य प्रकृतिसँग मेल खाने निजि व्यापार संचालन गरेको प्रमाणित हुन आएमा ।

(घ) विनियमको दफा १२, १३ र १४ बमोजिम सदस्यता समाप्त भएमा ।

(ङ) समितिको कुनै सदस्य सोही संस्थाको कर्मचारी भई काम गरेमा ।

(च) विना सूचना लगातार ३ महिना सम्म वैठकमा अनुपस्थित भएमा ।

(छ) ६ महिना भन्दा बढी अबधिका लागि निरन्तर बस्ने गरी विदेश गएमा ।

(ज) दफा २२ को उपदफा १३ अनुसारको अवस्था सिर्जना भएमा ।

(झ) सोलुखुम्बु जिल्ला भित्रकै समान प्रकृतिको अन्य सहकारी संस्थाको सदस्य वा संचालक वा कुनै समिति उपसमितिको पदाधिकारी भएको प्रमाणित हुन आएमा ।

तर उपरोक्त (ग) वा (ज) बमोजिम संचालकको वारेमा निर्णय लिनु अघि निजलाई सफाईको मौका वा उपरोक्त बमोजिमका जिम्मेवारी छाड्ने मनासिव माफिकको समय सीमा प्रदान गर्नु पर्नेछ ।

**३६. समितिको काम, कर्तव्य र अधिकार :**

सदस्यहरुको हितलाई ध्यानमा राखी समितिले देहाय वमोजिमका कार्यहरु गर्नेछः-

(क) संस्थाको समग्र व्यवस्थापन गर्ने ।

(ख) निर्धारित मापदण्डका आधारमा सदस्यता विस्तार गर्ने वा खारेज गर्ने ।

(ग) संस्थाको स्वीकृत विनियम एवं बचत र ऋण परिचालन निर्देशिकाको अधिनमा रही सहकारी बैंक, साना किसान विकास बैंक वा आफू सदस्य रहेको सहकारीका संघबाट ऋण लिने ।

(घ) बचत र ऋण परिचालनका लागि वचत तथा ऋण निर्देशिका साधारण सभाबाट पारित वा अनुमोदन गराई लागू गर्ने ।

(ङ) कारोवारका हरहिसाव अध्यावधिक गरी गराई सोको विवरण प्रमाणित गर्ने ।

(च) उपसमितिहरुको गठन र विघटन गर्ने ।

(छ) संस्थाको स्वीकृत दरबन्दीमा योग्यताका आधारमा व्यवस्थापक लगायत अन्य कर्मचारी छनौट गरी नियुक्ति गर्ने र कर्मचारीहरुको तलब भत्ता एवं सुविधा निर्धारण गर्ने ।

(ज) संस्था संचालन सम्बन्धमा आवश्यक सम्पूर्ण कानूनी कार्यहरु गर्ने र आवश्यकता अनुसार कानूनी सेवा लिने सम्बन्धी निर्णय गर्ने ।

(झ) संस्थाको योजना र वार्षिक बजेट साधारण सभामा स्वीकृतिको लागि पेश गर्ने ।

(ञ) संचालक समिति र लेखा समितिका रिक्त पद पूर्ति वा संचालकहरुको पदावधि सकिनु अगावै नयाँ समिति निर्वाचनको कार्य निष्पक्ष र स्वतन्त्र ढंगले सम्पन्न गर्न तोकिए बमोजिम निर्वाचन समिति गठन गर्ने ।

(ट) विनियममा व्यवस्था भएका प्राबधानका आधारमा प्रक्रियागत ढंगले सभा बोलाउने र सभाको उचित व्यवस्थापन गर्ने ।

(ठ) साधारण सभाले निर्देश गरेका वा स्वीकृत गरेका कामहरु गर्ने ।

(ड) साधारण सभाको प्रत्यायोजित अधिकारका आधारमा समयमै निर्धारित प्रक्रिया पुरा गरी गराई लेखा परीक्षकको नियुक्ति गरी संस्थाको हरहिसाब लेखा परीक्षण गराउने ।

(ढ) साधारण सभाको बैठकमा पेश गरिने प्रतिवेदनहरु,बजेट तथा कार्यक्रमहरु, नीतिका मस्यौदाहरु, महत्वपूर्ण निर्णय अनुमोदन आदिको तयारी गर्ने ।

(ण) संस्थाको व्यवस्थापन चुस्त राख्न वित्तिय विश्लेषण र अनुगमनको लागि PEARLS अनुगमन पद्धतिको अवलम्बन गर्ने । यसका लागि संस्थाका संचालक, लेखा समितिका पदाधिकारी र कर्मचारी लाई आवश्यकता अनुसार तालिममा सहभागि गराउने व्यवस्था गर्ने ।

(त) पदाधिकारी एवं कर्मचारीको ज्ञान, सीप र काममा रुची बढाउन तालिम एवं अध्ययन भ्रमण को कार्यक्रम बनाउने साथै कर्मचारीहरुका लागि Incentive Package को योजना बनाउने ।

(थ) कार्य सम्पादन तथा उपलब्धिको आधारमा पदाधिकारी एवं कर्मचारीहरुलाई पुरस्कृत गर्ने कार्यक्रम बनाउने ।

(द) संचालक समितिका सदस्यहरुको जिम्मेवारी एवं कामको बाँडफांड गर्ने ।

(ध) संचालक समितिको एक सदस्यको संयोजकत्वमा ३ सदस्यीय ऋृण लगानी उप समिति गठन गर्ने, अन्य सदस्यहरु शेयर सदस्यमध्ये बाट सकेसम्म विषय बस्तुमा दखल राख्ने व्यक्तिहरु मनोनयन गर्ने । यसै आधारमा अन्य उपसमितिहरुको समेत निर्माण गर्ने ।

**३७. सञ्चालकहरुको काम, कर्तव्य र अधिकार :**

(१) **अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय वमोजिमको हुनेछ** :-

(क) समितिको वैठक तथा साधारण सभाको वैठकको अध्यक्षता गर्ने ।

(ख) साधारण सभाद्धारा स्वीकृत वार्षिक कार्यक्रम तथा निर्णय र संचालक समितिका निर्णयहरुको कार्यान्वयन गर्ने गराउने ।

(ग) संस्थाको चल, अचल सम्पत्तिको रेखदेख, संरक्षण एवं उचित प्रयोगको व्यवस्था मिलाउने ।

(घ) सञ्चालकहरुलाई आ-आफ्नो जिम्मेवारी वहन गर्न गराउन सहयोग र समन्वय गर्ने साथै आवश्यक निर्देशन दिने ।

(ङ) संचालकका कुनै सदस्यले दिएको राजीनामा उचित आधारमा स्वीकृत गर्ने ।

(च ) संस्थाको काम कारवाहीको सम्वन्धमा आवश्यकता अनुसार अन्य संघ, संस्था वा निकायमा संस्थाको तर्फवाट प्रतिनिधित्व गर्ने गराउने ।

(छ) समितिको वैठक नवसेको अवस्थामा अपर्झट कुनै कार्य गर्न आवश्यक भएको र तत्कालमा उक्त कार्य नभए संस्थालाई हानी नोक्सानी हुने भएमा सो कार्य गरी वा गराई आगामी वैठकमा अनुमोदनको लागि पेश गर्ने ।

(ज) साधारण सभा तथा समितिको वैठकमा कुनै विषयमा मतदान भै मत वरावर भएमा निर्णायक मत दिने ।

(झ) संस्थाको कुनै काम कारवाहीको सम्वन्धमा आवश्यकतानुसार जांचवुझ, निरीक्षण गर्ने, गराउने ।

(ञ) संस्थालाई नेतृत्व प्रदान गर्ने र यसका लागि सदैव सक्रिय रहने ।

(ट) संस्थाको हित तथा उद्देश्य प्राप्तिका लागि आवश्यक पहल गर्ने ।

(ठ) विनियमका व्यवस्थाहरुको पूर्ण पालना गर्न गराउन तदारुकता देखाउने ।

(ड) सहकारीका सिद्धान्तहरु र सहकारी ऐन नियम तथा सहकारी विभागका निर्देशनहरुको पालना गर्ने गराउने ।

(ढ) संबन्धित कार्यालयको निर्देशन तथा सुझावहरुको पालना गर्ने गराउने साथै यस विनियम बमोजिम दिनु पर्ने सूचना वा प्रतिवेदनहरु समयमानै पेश गर्ने ।

(ण) सहकारी विभाग वा सहकारी कार्यालय वा सहकारीका संबन्धित संघबाट गरिने अनुगमन निरिक्षण कार्यमा सहयोग गर्ने एवं प्राप्त निर्देशन र सुझावहरुको पालना गर्ने गराउने ।

(२) **उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय वमोजिमको हुनेछ** :-

(क) अध्यक्षको काममा सहयोग पुऱ्याउने ।

(ख) अध्यक्षले लिखित रुपमा प्रत्यायोजित गरेका वा तोकेका कार्यहरु गर्ने ।

(ग) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सम्पूर्ण कार्यहरु गर्ने ।

(घ) समितिको बैठकमा अन्य सदस्य सरह भाग लिने र निर्णयमा मत दिने ।

(ङ) समितिको निर्णय अनुसार तोकिएको जिम्मेवारी वहन गर्ने ।

**(३) सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–**

क) संस्थाको सचिवालयको रेखदेख र संचालन गर्ने ।

ख) अध्यक्षको निर्णय अनुसार बैठक बोलाउने ।

ग) अभिलेख सुरक्षित राख्ने र प्रतिवेदन तयार गर्ने ।

घ) संस्थाको प्रवक्ताको कार्य गर्ने ।

ङ) संस्थाको उद्देश्य प्राप्ती निम्ती सवै संग समन्वयन गर्ने ।

च) संस्थले संचालन गरेका योजना तथा कार्यक्रमहरुको सुपरिवेक्षण, मूल्याङ्कन तथा रेखदेख गर्ने र सो को जानकारी संस्थालाई दिने ।

छ)  संस्थाको चल-अचल सम्पतीको अभिलेख तयार गर्ने ।

ज) अध्यक्षको निर्देशन अनुसार संस्थाको योजना तर्जुमा गर्ने गराउने । र पारित कार्यक्रमहरु कार्यन्वयन गर्ने गराउने ।

**(४) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–**

क) संस्थाको कोषको रेखदेख र संचालन गर्ने ।

ख) साधारण सभामा वार्षिक कार्यक्रम र बजेट पेश गर्ने ।

ग) लेखा दुरुस्त राख्ने, खर्चको श्रेष्ता राख्ने ।

घ) नियमित रुपमा वार्षिक लेखा परिक्षण गराउने र कार्य समितिबाट स्वीकृती गराई साधारण सभामा पेश गर्ने ।

ङ) संस्थामा भएका चल- अचल सम्पतीको आन्तरिक एंव अन्तिम लेखा परिक्षणका कार्यमा सहयोग गर्ने ।

**(५) सहसचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–**

क)  सचिवको अनुपस्थितीमा निजले गर्ने सम्पूर्ण कार्य गर्ने ।

ख)  सचिवको काममा सहयोग गर्ने ।

ग)  कार्य समितिले तोकेको काम गर्ने  र गराउने ।

(६)  **सदस्यको काम, कर्तव्य र अधिकार देहाय वमोजिमको हुनेछ** :-

(क)  संचालक समितिको वैठकमा नियमित रुपमा सहभागी हुने ।
(ख)  संस्थाको हित र विकास कार्यमा आवश्यक सहयोग पुऱ्याउने ।
(ग)  निर्णय अनुसार विभिन्न उप समितिहरुमा रही तोकिएको जिम्मेवारी वहन गर्ने ।
(घ)  बैठकबाट गरिने निर्णयहरु संस्थाको हीतका लागि हुनु पर्ने विषयमा सजग रहने ।
(ड.)  सहकारीका सर्वमान्य सिद्धान्तहरु, सहकारी ऐन नियम, संस्थाको स्वीकृत विनियमावली  र अन्य नीतिहरुको वर्खिलाप हुने गरी संस्था संचालन हुन नदिने ।
(च)  संस्थासंग आवद्ध सम्पूर्ण सदस्यहरुको प्रतिनिधीको रुपमा सदस्यहरुको हित प्रबर्द्धन हुने काम गर्ने गराउने ।

**३८. लेखा समिति :**

(१) साधारण सभाद्वारा निर्वाचनको प्रक्रियाबाट एकजना संयोजक, २ जना सदस्य भएको ३ जनाको लेखा समितिको गठन हुनेछ ।

(२) संचालक समितिका अन्य पदाधिकारीको लागि उम्मेदवार हुन आवश्यक पर्ने योग्यता भएका शेयर सदस्यहरु लेखा समितिको पदमा निर्वाचित हुन उम्मेदवार बन्न पाउने छन् ।

**३९. लेखा समितिको बैठक :**

लेखा समितिको बैठक कम्तीमा वर्षको चार पटक बस्नेछ । बैठक बोलाउने अधिकार संयोजकलाई हुनेछ ।

**४०. लेखा समितिको काम, कर्तव्य र अधिकार :**

(१) संस्थाको आन्तरिक लेखा परीक्षण गर्ने र समितिलाई सुझाव दिने ।

(२) समिति र उपसमितिहरुले गरेका काम कारवाही र खर्च संस्थाको विनियम, सहकारी सिद्धान्त र नियम सम्मत छ छैन जाँच गर्ने ।

(३) संस्थाको कुनै काम कारवाहीबाट यसका सदस्यहरुलाई हानी नोक्सानी पुग्ने अवस्था भएमा वा लेखा परीक्षणको कार्यमा संचालक वा व्यवस्थापनबाट उचित सहयोग प्राप्त नभएमा वा सुधारात्मक कदमहरु संस्थामा तुरुन्त अवलम्वन गर्नु पर्ने अवस्था देखिएमा विशेष साधारण सभा बोलाउन समिति समक्ष अनुरोध गर्ने ।

(४) लेखा परीक्षण सम्वन्धी प्रतिवेदन साधारण सभा समक्ष अनिवार्य रुपमा पेश गर्ने ।

(५) लेखा समितिले साधारण सभामा पेश गर्ने प्रतिवेदनमा देहायका विवरण समेटिएको हुनेछः

(क) समितिको बैठक बसेको संख्या ।

(ख) गत वर्ष दिइएको सुझाव कार्यान्वयनको अवस्था ।

(ग) अघिल्लो आर्थिक वर्ष र प्रतिवेदन पेश गरिने आ.व.को तुलनात्मक आर्थिक विवरण

(घ) प्रतिवेदन गरिने आर्थिक वर्षको मुख्य मुख्य आर्थिक उपलब्धी एवं कारोवारका कमजोर पक्षहरु ।

(ङ.) सहकारी सिद्धान्तहरु, सहकारी ऐन नियमहरु एवं संस्थाको विनियमका व्यवस्थाहरुको पालनाको अवस्था ।

(च) संस्थाको स्वीकृत बचत तथा ऋण नीति एवं अन्य नीतिहरुको पालनाको अवस्था ।

(ज) कर्मचारी व्यवस्थापनका सवल पक्षहरु र दुर्वल पक्षहरु ।

(झ) संचालक समितिको कार्य प्रणाली र त्यसमा सुधार गर्नु पर्ने पक्षहरु ।

(ञ) गत वर्ष सम्पन्न लेखापरीक्षणको गुणस्तर र सुधारका सुझावहरु ।

(ट) संबन्धित सहकारी कार्यालय वा आफ्नो संस्था आबद्ध रहेको संघले संस्थाको कारोवारको जाँच वा अनुगमन गर्दा देखिएका कैफियत, संचालकहरुलाई दिइएको मुख्य मुख्य सुझावको विवरण तथा पालनाको अवस्था ।

(ठ) संस्था संचालनमा व्यवस्थापन पक्षको समग्र मूल्यांकनः प्रभावकारिता, मित्तव्ययिता, दक्षता, क्रियाशीलता,कर्मचारीको मनोवलको अवस्था, व्यावसायीकता आदि पक्षको मूल्यांकन गर्ने ।

**४१. लेखा समितिका पदाधिकारीहरुको पदावधि :**

लेखा समितिको पदावधि संचालक समितिको पदावधि सरह नै हुनेछ । नयाँ समितिको गठन नहुञ्जेल सम्मका लागि पुरानै समितिले कामकाज चलाउनेछ । निजहरु पुन निर्वाचित हुन सक्नेछन् ।

**४२. ऋण लगानी उपसमिति :**

(१) ऋण लगानी उपसमितिमा एक जना संयोजक सहित तीन जना सदस्यहरु रहनेछन् । समितिले तोकेको समितिको एक जना संचालक संयोजक र बाँकी दुईजना सदस्यहरु समितिले शेयर सदस्यहरु मध्येबाट मनोनयन गर्नेछ । साथै ऋण लगानी उपसमितिको सचिवको जिम्मेवारी संस्थाका प्रबन्धक (व्यवस्थापक) मा रहनेछ ।

(२) संस्थाको ऋणी सदस्यले भाका नाघेको ऋण चुक्ता नगरे सम्म ऋण लगानी उपसमितिको पदमा मनोनयन गरिने छैन ।

(३) उपदफा (१) वमोजिम गठीत उपसमितिको पदावधि समितिको निर्णय बमोजिम हुनेछ ।

**४३. ऋण लगानी उपसमितिको बैठक :**

ऋण लगानी उपसमितिको बैठक आवश्यकतानुसार जुन सुकै वेला पनि बस्न सक्नेछ । संयोजकले उपसमितिको बैठक बोलाउनेछ ।

**४४. ऋण लगानी उपसमितिको काम, कर्तव्य र अधिकार :**

(१) साधारण सभाबाट पारित वचत तथा ऋण निर्देशिका र समितिले दिएको निर्देशनको अधिनमा रही सदस्यहरुबाट पेश हुन आएका निवेदन माथि अध्ययन गरी ऋण दिन मनासिव देखिएमा ऋण प्रदान गर्न समितिलाई सिफारिस गर्ने । यसो गर्दा सुरक्षणको अवस्था वारे विभिन्न प्रक्रिया अवलम्बन गरी जाँच गर्ने र सुरक्षित लगानीको स्पष्ट आधार उल्लेख गरी निर्णय लिने । यस्ता आधार अन्तर्गत सम्पत्तिको यथार्थ मूल्यांकन, स्थलगत अध्ययन र सर्जमिनका आधारमा प्रचलित बजारभाउ, धितो राखिने सम्पत्तिमा पारिवारिक खिचलो तथा मुद्दा मामला भए नभएको आदि विषयमा एकीन गर्नेछ ।

(२) सदस्यहरुवाट संस्थामा रहेको नगद मौज्दात भन्दा वढी ऋण माग भई निवेदन पेश हुन आएमा नगद मौज्दातको स्थिति, सदस्यहरुको आवश्यकता, ऋणको प्रकृति, ऋणको रकम र निवेदन दिएको मिति आदिलाई ध्यानमा राखी ऋण निवेदनमाथि प्राथमिकता निर्धारण गरी निर्णय गर्नेछ ।

(३) सदस्यवाट तोकिएको समयमा नै ऋण चुक्ता भयो भएन नियमित अनुगमन गर्ने गराउने काम गर्नेछ ।

(४) सदस्यद्धारा ऋणको सुरक्षण वापत राखिएका धितोपत्रहरुको समय समयमा निरीक्षण गर्नेछ ।

(५) सदस्यले आफूले लिएको ऋण चुक्ता गर्न ढिलो वा अटेर गरेमा ऋण असूली प्रकृया शुरु गर्ने र कानुनी कारवाहीको लागि समिति समक्ष समयमै पेश गर्नेछ र निर्णय भए बमोजिम गर्नेछ ।

(६) उपसमितिको आफ्नो काम कारवाही सम्बन्धी प्रतिवेदन समिति समक्ष पेश गर्ने ।

**४५. समूह गठन :**

संस्थाले आफ्नो कार्य संचालनलाई सहज बनाउनका लागि संस्थाका सदस्यहरुलाई विभिन्न समूह, उपसमूह गठन गरी परिचालन गर्न सक्नेछ । समूह, उपसमूह गठन तथा सञ्चालन सम्बन्धि व्यवस्था गर्नको लागि सहकारी सिद्धान्त, सहकारी ऐन, सहकारी नियम र यो विनियमको प्रतिकुल नहुने गरी संस्थाको साधारण सभाले आवश्यक कार्यविधि तर्जुमा गरी लागु गर्नेछ ।

परिच्छेद -७

## वित्तिय व्यवस्था

**४६. संस्थाले राख्नु पर्ने बहीखाता एवं दर्ता किताव :**

संस्थाले देहाय वमोजिमको वही खाता तथा दर्ता किताव राख्नेछः-

(क) विनियमको दफा १७ (अनुसूची-२) बमोजिमको सदस्य दर्ता किताब,

(ख) प्रारम्भिक साधारणसभा, वार्षिक साधारणसभा, विशेष साधारणसभा, समिति, लेखा समिति र उपसमितिहरुको छुट्टाछुट्टै निर्णय पुस्तिकाहरु ,

(ग) नगद बहीखाता ,

(घ) संस्थाले अरु कुनै व्यक्ति वा संघ संस्थासंग कुनै कारोवार गरेका भए सो कारोवार देखाउने किताब,

(ङ) शेयर दर्ता किताब,

(च) ऋृण लेनदेन गरेको दर्ता किताब,

(छ) बेरुजू एवं सम्परीक्षण किताब,

(ज) व्यक्तिगत खाता,

(झ) सदस्यहरुको व्यक्तिगत बचत खाता,

(ञ) जिन्सी दर्ता किताब,

(ट) आम्दानी, खर्च, सम्पत्ति र दायित्व देखिने खाताहरु,

(ठ) समय-समयमा समितिले तोकिदिएको अन्य अभिलेख एवं खाताहरु ।

**४७. कोषको व्यवस्था :**

(१) संस्थाको एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरु रहनेछन् :
(क) शेयर लगायत संस्थाले आर्जन गरेका सवै किसिमका आम्दानी,
(ख) नेपाल सरकार वा गैरसरकारी संघ संस्थाबाट प्राप्त अनुदान रकम,
(ग) विदेशी सरकार वा अन्तरराष्ट्रिय दातृ संघ संस्थावाट प्राप्त अनुदानको रकम,
(घ) संस्थाले शेयर विक्री गरे वापत प्राप्त रकम, नियमित वचत र सदस्यता वापत प्राप्त शुल्कहरु ।
(ङ) अन्य श्रोतवाट प्राप्त रकम ।

(२) उपदफा (१) वमोजिमको कोषको रकम विनियममा व्यवस्था भए वमोजिमको कार्यमा खर्च गरिनेछ ।

(३) संस्थाले विदेशी सरकार वा अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्थावाट ऋृण रकम प्राप्त गर्नु अघि नेपाल सरकारको पूर्व स्वीकृती लिनेछ ।

(४) उपदफा (१) वमोजिम संस्थालाई प्राप्त हुने सवै प्रकारको रकम समितिले निर्णय गरेको कुनै वैंकमा संस्थाको नाममा आवश्यक खाता (चल्ती, वचत, मुद्दती) खोली जम्मा गरिनेछ ।

(५) उपदफा (१) वमोजिमको कोषको खाताको संचालन समितिको अध्यक्ष, कोषाध्यक्ष र प्रबन्ध संचालक वा व्यवस्थापकको संयुक्त दस्तखतवाट हुनेछ । कोषको सम्पूर्ण जिम्मा

खाता संचालकहरुमा रहनेछ । कोषबाट रकम झिक्दा संस्थाको स्वीकृत विनियम बमोजिम स्पष्ट निर्णय भएको कामका लागि हुनुपर्दछ । रकम चलनमा ल्याउने आधारहरु कानून सम्मत हुनुपर्नेछ । संस्थाको सम्पत्ति व्यक्तिगत प्रयोजनमा झिक्न वा प्रयोग गरिएको पाइएमा अख्तियार दुरुपयोग गरेको मानिनेछ ।

**४८. जगेडा कोष :**

संस्थाको जगेडा कोषमा देहाय वमोजिमको रकम रहनेछः-

(क) प्रत्येक आर्थिक वर्षमा संस्थाले गरेको कारोवारको हिसाव जांच भएपछि खुद बचतवाट छुट्याइएको कम्तीमा २५ प्रतिशत रकम,

(ख) पूँजीगत अनुदान,

(ग) अन्य कुनै प्रकारले यस कोषमा जाने रकम ।

**४९. खुद वचतको वाँडफाँड :**

(१) खुद बचतको २५% रकम जगेडा कोषमा छुट्याई बाँकी रहन आएको रकमलाई शत प्रतिशत (१००%) मानी देहाय वमोजिमको प्रतिशतको रकम देहाय वमोजिमका कोषहरुमा जम्मा गरिनेछ :-

| | | |
|---|---|---|
| (क) | शेयर लाभाँस कोष | २५% |
| (ख) | संरक्षित पूँजी फिर्ता कोष | १५% |
| (ग) | कर्मचारी वोनस कोष | १०% |
| (घ) | घाटा पूर्ति कोष | १०% |
| (ङ) | सदस्य शिक्षा कोष | १०% |
| (च) | डुवन्त ऋण कोष | १०% |
| (छ) | संस्था विकास कोष | १०% |
| (ज) | सामाजिक सेवा कोष | १०% |
| | | **१००%** |

(२) शेयर लाभाँश कोषबाट सदस्यहरुलाई लाभांश वितरण गर्दा शेयर पूँजीको १५% भन्दा बढी हुने गरी वितरण गरिनेछैन ।

(३) कर्मचारी बोनस कोषवाट कर्मचारीहरलाई वोनस वितरण गर्दा तीन (३) महिनाको तलव बरावर भन्दा बढी हुने गरि वितरण गरिनेछैन ।

(४) शेयर लााभाँश कोष, संरक्षित पूँजीकोष र कर्मचारी बोनस कोषबाट रकम वितरण भई बाँकी हुन आउने रकम जगेडा कोषमा जम्मा गरिनेछ ।

## ५०. कोषको सुरक्षा :

(१) समितिले व्यवस्थापकको जिम्मामा रहने भनी तोकेको कोषको रकम व्यवस्थापकको जिम्मामा रहनेछ ।

(२) उपदफा (१) मा उल्लेखित अवस्था वाहेक संस्थाको रकम समितिले कुनै बैंकमा संस्थाको नाममा खाता खोली जम्मा गर्नेछ ।

(३) कोषको सुरक्षाको लागि संस्थाले प्रचलित कानुन वमोजिम स्थापित बीमा कम्पनीमा आवश्यकतानुसार सदस्यहरुको शेयर, बचत र ऋण लगानी जस्ता रकमको सुरक्षण का लागि बीमा गर्न सक्नेछ ।

## ५१. कोषको उपयोग :

कोषको उपयोग निम्नानुसार गर्न सकिनेछ ।

(क) विनियममा उल्लेख भए बमोजिम संस्थाको स्वीकृत योजना अनुसार कार्याक्रम वा व्यवसाय संचालन गर्ने ।

(ख) स्वीकृत योजना अनुसारको कार्य गर्नको लागि आवश्यक स्थिर सम्पत्ति खरिद गर्ने ।

(ग) कुनै सहकारी संघ वा सहकारी बैंको शेयर खरिद गर्ने ।

(घ) ऋणपत्र खरिद गर्ने ।

(ङ) कुनै बैंकको बचत वा मुद्धत्ति खातामा जम्मा गर्ने ।

## ५२. सदस्यहरुको सूचना पाउने अधिकार :

संस्थाका कुनै सदस्यले आर्थिक अवस्था र कुनै अमुक कारोवारका वारेमा जानकारी माग गरेमा उपलब्ध गराउनु संचालक र व्यवस्थापकको कर्तव्य हुनेछ । अन्य सदस्यहरुको व्यक्तिगत खाता कानून बमोजिम बाहेक गोप्य राखिनेछ । संस्थाको अनुगमन गर्न अख्तियारी पाएको निकाय वा कर्मचारीले संस्थाका सबै कारोवार जाँच गर्दा एवं थप विवरण माग गरी संस्थाको गतिविधि माथि निगरानी राख्दा संचालक एवं कर्मचारीहरुले सहयोग पुर्‍याउने छन्

परिच्छेद - ८

# व्यवस्थापन

## ५३. व्यवस्थापन :

(१) समितिले संस्थाको व्यवस्थापन पक्षलाई स्वस्थ एवं प्रभावकारी रुपमा अघि बढाउनका लागि व्यवस्थापक एवं अन्य कर्मचारीहरुको योग्यता, छनौट, नियुक्ति, तलब निर्धारण

र अन्य सुविधाहरु र सरुवा बढुवा सम्बन्धी व्यवस्था संस्थाको प्रशासनिक विनियम साधारण सभाबाट अनुमोदन गराई लागू गर्नेछ ।

(२) उपदफा (१) वमोजिम व्यवस्थापक नियुक्ति हुन नसकेमा समितिले संस्थाको कुनै संचालकलाई प्रबन्धकीय कर्मचारीको रुपमा कार्य गर्ने गरि तोक्न सक्नेछ ।

**५४. व्यवस्थापकको काम, कर्तव्य र अधिकार** :

(क) संस्थाको आर्थिक तथा प्रशासनिक कार्यको पूर्ण जिम्मेवारी बहन गरी कोषाध्यक्षलाई सहयोग गर्ने,

(ख) संस्थाको सदस्यता आवेदन फारमहरु संकलन एवं वितरण तयार गरी समितिमा प्रस्तुत गर्ने र आवश्यक सूचनाहरु उपलब्ध गराउने,

(ग) साधारणसभा, समितिका सवै बैठकहरुमा भाग लिने र निर्णय लिने कामका लागि सदस्यहरुलाई आवश्यक सूचना उपलब्ध गराउने,

(घ) वार्षिक योजना तथा बजेट तयार गरी समिति समक्ष पेश गर्ने,

(ङ) समिति र साधारणसभाका बैठकहरुको विषय सूचि तयार गर्ने,

(च) समितिले तोकेका कामहरु गर्ने गराउने,

(छ) समितिप्रति उत्तरदायी हुने,

(ज) जनसम्पर्कका अन्य कार्यहरु गर्ने, गराउने ।

परिच्छेद - ९

**विविध**

**५५. लेखापरीक्षण संबन्धी व्यवस्था :**

(१) संस्थाले प्रत्येक वर्षको हिसाब-किताबको लेखापरीक्षण आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र साधारण सभाले नियुक्त गरेका रजिष्टर्ड लेखापरीक्षकबाट गराई सक्नेछ ।

(२) लेखापरीक्षकले आफ्नो प्रतिवेदन वार्षिक साधारणसभा समक्ष स्वंय प्रस्तुत गर्नेछ ।

(३) लेखापरीक्षकको पारिश्रमिक साधारण सभाले तोके वमोजिम हुनेछ ।

(४) एउटै लेखापरीक्षकलाई लगातार तीन पटक भन्दा बढी नियुक्ति गरिने छैन ।

(५) साधारण सभाले लेखा परीक्षक नियुक्त गर्दा संबन्धित सरकारी कार्यालयमा प्रत्येक आर्थिक वर्षको लागि सूचिकृत भएको रजिष्टर्ड लेखापरिक्षकलाई मात्र गर्नेछ । लेखापरिक्षक नियुक्त गर्दा संबन्धित कार्यालय मार्फत रजिष्ट्रार वा निजको अधिकार प्राप्त अधिकारी बाट स्वीकृति लिइनेछ ।

(६) साधारण सभाले लेखा परिक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने अधिकार संचालक समितिलाई दिन सक्नेछ ।

(७) लेखा परीक्षकको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त देहायका विवरण समेत समाविष्ट भएको हुनेछ :

(क) संस्थाका पदाधिकारी वा कर्मचारीले सहकारीको मूल्य मान्यता र सिद्धान्त एवं प्रचलित सहकारी कानूनको पालना गरेका छन छैनन ।

(ख) संस्थाका पदाधिकारी वा कर्मचारीले संस्थाको विनियम र साधारण सभाबाट स्वीकृत निति तथा निर्देशिकाहरुको पालना गरेका छन छैनन ।

(ग) लेखा परिक्षक नियुक्तिमा सहमति दिंदा संबन्धित कार्यालयले दिएको निर्देशन बमोजिमका विषयहरुमा संक्षिप्त टिप्पणी ।

(घ) विशेष गरी प्रतिवेदनमा बचत कर्ताको बचतको सुरक्षणको अवस्था के छ, लगानीहरु प्रयाप्त सुरक्षणको आधारमा गरिएको छ छैन, व्यवस्थापकहरु बाट फजुल खर्च रोक्ने तर्फ के कस्ता प्रयासहरु भएका छन वा छैनन् ।

(ङ) संस्थाका पदाधिकारी एवं कर्मचारीहरुले लिएको ऋण र पेश्कीका वारेमा लिएको अंक, रकम दिंदा अवलम्बन गरिएको प्रक्रिया, ऋणको भाखा नाघे ननाघेको र साँवा व्याज समयमै तिरे नतिरेको विवरण, पेश्की लिनुको प्रयोजन, आर्थिक अनुशासन आदि ।

(८) लेखा परिक्षकको प्रतिवेदनमा उपरोक्त विवरण समावेश नभएमा साधारण सभा वा संबन्धित सहकारी कार्यालयले अर्को लेखा परिक्षक नियुक्त गर्न निर्देश गर्न सक्नेछ वा त्यस्ता लेखा परिक्षकलाई त्यस संस्थाको आगामी वर्षहरुको लेखापरिक्षण गर्न अनुमति नदिन सक्नेछ ।

**५६. शपथ ग्रहण :**

संचालक समिति र लेखा समितिका पदाधिकारीहरुले तोकिए बमोजिम शपथ लिनुपर्नेछ । शपथ ग्रहण अनुसूचि-४ मा तोकिएको ढाँचा बमोजिम हुनेछ ।

## ५७. वाँकी बक्यौता असूल उपर गर्ने :

सदस्यले संस्थावाट लिएको ऋण चुक्ता नगरेमा बाँकी ऋण रकम, सोमा लाग्ने व्याज र विलम्ब शुल्क समेत निजको घर-घराना (जायजेथा) बाट सहकारी ऐन नियममा तोकिए बमोजिमको कार्यविधि अपनाई संस्थाले असूल उपर गर्नेछ । संस्थाले रकम असूल उपर गर्दा लाग्ने वा लागेको सम्पूर्ण खर्चको रकम समेत सम्वन्धित ऋणी सदस्यबाट नै असूल उपर गरिनेछ । असूल उपरको कार्यवाही गर्दा लिलाम बढाबढबाट उठेको रकम संस्थाको दायित्व फरफारक गरी बाँकी रहन आएको रकम संबन्धित सदस्यलाई फिर्ता गरिनेछ ।

## ५८. ऋण मिनाहा :

संस्थाले असुल उपर गर्नुपर्ने ऋण वा अरु कुनै रकम मिनाहा गर्नुपर्दा पर्याप्त कारणहरु सहित संचालक समितिले निर्णय गरी साधारण सभामा स्वीकृतिका लागि पेश गर्न सक्नेछ । साधारणसभामा उपस्थित सदस्यहरुको दुई तिहाई वहुमतको निर्णयवाट मात्र यस्तो निर्णय कार्यान्वयन हुन सक्नेछ ।

## ५९. हकवालाको मनोनयन :

(१) सदस्यले हकवाला मनोनीत गर्दा कम्तीमा दुई जना संस्थाको सदस्यहरुको रोहबरमा लिखत तयार गरी गर्नुपर्नेछ र त्यस्तो लिखतमा मनोनीत गर्ने सदस्य र साक्षीहरु समेतको सहीछाप गरेको हुनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम हकवाला मनोनीत गर्ने सदस्यले एकभन्दा बढी शेयर नलिएको अवस्थामा एउटा व्यक्तिलाई मात्र हकवाला मनोनीत गर्नु पर्नेछ ।

(३) कुनै सदस्यले उपदफा (२) को अधिनमा रही एकजना भन्दा बढी व्यक्तिहरुलाई मनोनीत गरेकोमा त्यस्ता प्रत्येक व्यक्तिलाई हस्तान्तरण हुने शेयर र हकको दामासाही स्पष्ट रुपले लिखतमा खुलाउनु पर्नेछ । अन्यथा प्रचलित कानुन अनुसार हुनेछ ।

## ६०. हक दावी वा नामसारी :

(१) कुनै सदस्यको मृत्यु भएमा निजको नाममा रहेको शेयर र संस्थाबाट निजलाई प्राप्त हुने कुनै प्रकारको हक विनियमको दफा ५९ बमोजिम मनोनीत गरेको कुनै हकवाला भए सो हकवाला र त्यस्तो हकवाला नभए प्रचलित कानून बमोजिमको हकवालाको नाममा नामसारी गर्न सकिनेछ ।

तर, त्यस्तो हकवाला संस्थाको सदस्यता प्राप्त गर्नका लागि विनियममा तोकिएको योग्यता नभएमा सदस्यको मृत्यु भएको मितिले ६ महिना भित्र सदस्यताको लागि योग्य अरु कुनै हकवालाको नाममा नामसारी गरी पाउँ भनी दरखास्त दिन सक्नेछ र संस्थाले सो हकवालाको नाममा नामसारी गरी दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम मृत सदस्यको हक हकवालाले नामसारी गराई लिन नचाहेमा संस्थाले निजले पाउने शेयर र बचत रकम त्यस्तो हकवालालाई फिर्ता गरिदिनेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि मृतक सदस्यको हकवाला नावालक रहेमा वा निजको मानसिक सन्तुलन ठीक नरहेमा मृत सदस्यले पाउने सम्पूर्ण रकम कम्तीमा दुई जना साक्षीको रोहवरमा त्यस्तो हकवालाको संरक्षकलाई फिर्ता गरिनेछ ।

## ६१. निर्वाचन संबन्धी व्यबस्था :

(१) संस्थाको विनियमको अधीनमा रही संचालक समिति र लेखा सुपरीवेक्षण समितिको निर्वाचन गर्न संचालक समितिले एउटा निर्वाचन समिति गठन गर्नेछ ।

(२) समितिले निर्णय गरी तोकेको एक सामाजिक वा बौद्धिक रुपले प्रतिष्ठित स्थानीय व्यक्ति वा सहकारीको क्षेत्रमा अनुभव हासिल गरेको व्यक्तिको संयोजकत्वमा संस्थाको सदस्यहरु मध्ये एकजना सदस्य(निर्वाचनमा उम्मेदवार नहुने) र सम्बन्धित सहकारी कार्यालयको एक जना कर्मचारी प्रतिनिधि रहने गरी जम्मा तीन सदस्य भएको निर्वाचन समिति गठन गर्नेछ । सहकारी कार्यालयले प्रतिनिधि खटाउन नसकेमा वा नखटाएमा सो ठाँउमा रहेका विधालय,सरकारी कार्यालय, वा स्थानीय निकायका कर्मचारी वा कानून व्यवसायी लाई सदस्यका रुपमा तोकिने छ ।

(३) निर्वाचन समितिले उपदफा (१) मा उल्लेखित पदाधिकारीहरुको निर्वाचन प्रजातान्त्रिक प्रक्रिया बाट सम्पन्न गर्नेछ ।

(४) निर्वाचन समितिले निर्वाचन प्रक्रिया अन्तर्गत प्रकाशन गरेका निर्वाचन कार्यक्रम, सदस्यहरुलाई गरेको सार्वजनिक सूचना, निर्णयहरु, प्रयोगमा ल्याएका विभिन्न कागजात एवं मनोनयन फारम साथ उम्मेदवारले पेशगरेका आवश्यक प्रमाणहरु सील्ड गरी सुरक्षित साथ राख्ने जिम्मेवारी नयाँ निर्वाचित संचालक समितिको हुनेछ ।

(५) निर्वाचन समितिले निर्वाचित पदाधिकारीलाई निर्धारित ढाँचामा प्रमाणपत्र प्रदान गर्नेछ र सपथ ग्रहण गराउनेछ ।

(६) निर्वाचन समितिलाई आफ्नो काम सम्पन्न गर्न गराउन समिति र संस्थाको कार्यालय व्यवस्थापनले साधन श्रोत र आवश्यक जनशक्ति उपलब्ध गराउनेछ ।

## ६२. समितिका सदस्य अवैतनिक हुने :

संचालक समिति एवं अन्य समिति वा उप समितिका पदाधिकारी लगायत सदस्यहरु अवैतनिक हुनेछन् । तर, संचालक सदस्य मध्ये कसैले प्रबन्ध संचालकका रुपमा कार्य गरी साधारण सभाले तोके बमोजिमको सुविधा लिन  यो दफाले बाधा पुऱ्याएको मानिने छैन ।

## ६३. आर्थिक वर्ष :

(१) संस्थाको आर्थिक वर्ष श्रावण १ गते देखि आषाढ मसान्त सम्मको अवधिलाई मानी गणना गरिनेछ ।

(२) समितिले संस्थाको कारोवरको आर्थिक विवरण आर्थिक वर्ष समाप्त भएको मितिले बढीमा ३ महिना भित्र स्वीकृत लेखा परीक्षकबाट लेखा परीक्षण गराई प्रमाणित गरी साधारण सभामा पेश गर्नुपर्नेछ ।

**६४. व्याख्या गर्ने अधिकार :**

यस विनियमको व्याख्या गर्ने अधिकार साधारण सभालाई हुनेछ । साधारण सभाबाट पनि सुल्झिन नसकेमा गाउँपालिकाको सहकारी ऐन, नियम बमोजिम हुनेछ ।

**६५. मध्यस्थता सम्बन्धी व्यवस्था :**

संस्थाको कुनै प्रकारको विवाद समाधान गर्ने कार्यमा संबन्धित जिल्लाको जिल्ला सहकारी संघ वा विषयगत जिल्ला सहकारी संघ वा  संस्था आबद्ध रहेको अन्य सहकारी संघ संग आवश्यकतानुसार मध्यस्थता गरी समस्या समाधानका लागि समितिले अनुरोध गर्न सक्नेछ । संस्थामा विद्यमान विवाद वा अन्य समस्याहरु सुल्झाउन संबन्धित सहकारी कार्यालयले आफैले वा सहकारीका कुनै संघका पदाधिकारी मार्फत पहल गरेमा संस्थाका सबै सदस्य र सबै पदाधिकारीहरुले सहयोग पुर्‍याउनेछन् ।

**६६. अविश्वासको प्रस्ताव राख्न सकिने :**

(१) साधारण सभाका पाँच प्रतिशत सदस्यले समितिको कुनै निर्वाचित सदस्यलाई हटाउनु पर्ने वा समितिलाई विघटन गर्नुपर्ने औचित्य छ भनी साधरणसभामा प्रस्ताव पेश गरेमा अविश्वासको प्रस्ताव ल्याइएको मानिनेछ ।

(२) समितिको कुनै सदस्य प्रति ल्याईएको अविश्वासको प्रस्ताव उपर सो सदस्यले साधारण सभामा उपस्थित भई आफ्नो स्पष्टीकरण र सफाई पेश गर्न पाउनेछ ।

(३) साधारणसभाको बहुमतबाट अविश्वासको प्रस्ताव पारित भएमा वा समिति विघटन गर्ने निर्णय भएमा त्यस्तो पदाधिकारी तथा सदस्य पदबाट हट्ने वा समितिको विघटन हुनेछ ।

**६७. विनियम संशोधन :**

संस्थाको कूल सदस्य संख्या मध्ये कम्तीमा ५१ प्रतिशत सदस्यहरु उपस्थित भएको साधारण सभामा दुई तिहाई सदस्यहरुको निर्णयबाट संस्थाले आफ्नो विनियम संशोधन गर्न सक्नेछ । यसरी संशोधन भएको विनियम सहकारी ऐन बमोजिम संबन्धित सहकारी कार्यालयमा पेश गरी दर्ता अधिकारी वा निजको अधिकार प्राप्त अधिकारीबाट स्वीकृति दिएपछि लागू हुनेछ ।

**६८. एकीकरण, विभाजन र विघटन :**

(१) संस्थाको साधारणसभाको दुईतिहाई सदस्यको वहुमतले संस्था एकीकरण वा विभाजन गर्ने निर्णय गरेमा संस्थाको एकीकरण वा विभाजन गर्न सकिनेछ । संस्थाको एकीकरण र विभाजन गर्दा सहकारी ऐनको दफा ३१  बमोजिमको प्रक्रियाको पालना गरिनेछ ।

(२) संस्थाको साधारणसभाको कुल सदस्य संख्याको दुईतिहाई सदस्यको वहुमतले संस्था विघटन गर्ने निर्णय गरेमा संस्थाको विघटन हुनेछ । संस्थाको विघटन गर्दा ऐनको दफा ४१ र दफा ४२ वमोजिमको प्रकृया अपनाईनेछ ।

## ६९. सेवा शूल्क :

संस्थाले सदस्यहरुसंग ऋणको कारोवार गर्दा व्याज वाहेक अन्य कूनै शुल्क लिइने छैन । तर सदस्यहरुलाई पुऱ्याइने अन्य सेवा वापत भने पूर्व निर्धारित सेवा शूल्क लिन सकिनेछ ।

## ७०. घर जग्गा खरीद :

संस्थाले विभिन्न प्रयोजनका लागि साधारणसभाको निर्णय बमोजिम घरजग्गा खरिद गर्न सक्ने छ ।

## ७१. विविध :

(१) बैंकिङ कारोवार गर्नुपरेमा सम्बन्धित नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृती लिएर मात्र गरिनेछ ।

(२) संस्थाको साइनबोर्डमा थुलुङ दुधकोशी गाउँपालिकाको सहकारी ऐन २०७५ बमोजिम स्थापित भनि लेखिनेछ ।

(३) कुनै सदस्य संस्थाको संचालक वा लेखा समितिको पदमा उम्मेदवार हुँदा सदस्य स्वयंले प्रचलित कानून बमोजिम आफ्नो नाम कालो सूचीमा नपरेको, कर्जा कारोवारमा अनियमित नगरेको, संस्थाबाट लिएको ऋणको भाका ननाघेको, संस्थामा अन्य तिर्न बुझाउनु पर्ने बाँकी बक्यौता नभएको, र संस्थाको स्वीकृत कार्यक्षेत्र भित्र बसोबास गरी रहेको भनी स्व-घोषणापत्रमा सहीछाप गरी मनोनयन पत्रसाथ निर्वाचन समिति समक्ष पेश गर्नुपर्नेछ । कुनै दावी विरोध परी उपरोक्त विवरण झुठा ठहरेमा निर्वाचन समितिले मनोनयन रद्द गर्नेछ ।

४) संस्थाको बचत, लगानी तथा सबै सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने सामूहिक जिम्मेवाररु संचालकहरुको हुनेछ । यस वारेमा स्पष्ट कार्य विभाजन भएकोमा सोही बमोजिम व्यक्तिगत रुपमा बढी जिम्मेवार ठहराई कुनै पदाधिकारीलाई थप कारवाही प्रक्रिया चलाउन यस व्यवस्थाले बाधा पुग्ने छैन ।

(५) संस्थाले ऋण उपसमितिको सिफारिसमा ऋण लगानी गर्ने र ऋण लगानी उपसमितिका पदाधिकारीले आफ्नो सिफारिसको जिम्मेवारी वहन गर्नु पर्नेछ ।

(६) संस्थाका सदस्यहरुका बिच संस्थापक सदस्य, शेयर सदस्य र साधारण सदस्य आदि रुपमा वर्गीकरण गरी विभेद गरिने छैन ।

(७) संस्थाले सहकारी मूल्य मान्यता र सिद्धान्तहरुमा आधारित रही आचार संहिता तयार गरी लागु गर्नु पर्नेछ ।

(८) संस्थाको प्रमाण पत्रमा उल्लेख भए बमोजिम संस्थाको नाम, दर्ता नं. दर्ता मिति र दर्ता भएको सहकारी कार्यालयको नाम र कार्यक्षेत्र समेत खुलाई नेपाली भाषा,

देवनागरी लिपिमा साईनवोर्ड लेखी संस्थाको कार्यालयमा सबैले देख्ने गरी राख्नु पर्नेछ ।

(९) संस्थाको कुनै सदस्य एकै प्रकृतिको एक भन्दा वढी संस्थाको समिति वा लेखा समितिको कुनै पदमा उम्मेदवार हुन सक्नेछैन ।

(१०) संस्थाको ऋणी सदस्यले भाका नाघेको ऋण चुक्ता नगरे सम्म यस विनियम वमोजिम गठन हुने उपसमितिको कुनै पदमा उम्मेदवार हुन पाउने छैन ।

## ७२. अमान्य हुने :

(१) यस विनियममा उल्लेखित कुनै व्यवस्थाहरु सहकारी ऐन, नियम र सहकारीका सिद्धान्तहरुसंग बाझिने भएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

(२) यस विनियममा उल्लेख नभएका विषयहरुको बारेमा सहकारी ऐन, नियम र सहकारीका सिद्धान्तहरु बमोजिम संस्थाको काम कारवाही संचालन गरिनेछ ।

## ७३. बचाउ :

कुनै संचालक वा साधारणसभाको प्रतिनिधिको निर्वाचन वा नियुक्तिका सम्बन्धमा सहकारी ऐन, नियम र विनियम अन्तर्गतको कुनै व्यवस्थाको पालन भएको छैन भन्ने कुरा पछि ठहरिन गएमा त्यसरी ठहरीनु भन्दा अगाबै त्यस्तो संचालक समिति, उपसमिति वा साधारणसभाले गरेको काम कारवाही सो कुराले मात्र बदर हुने छैन ।

⊗⊗⊗⊗

**तदर्थ समितिका पदाधिकारीहरु**

| सि.नं. | पद | नामथर | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १. | अध्यक्ष | | | |
| २. | उपाध्यक्ष | | | |
| ३. | सचिव | | | |
| ४. | कोषाध्यक्ष | | | |
| ५. | सह सचिव | | | |
| ६. | सदस्य | | | |
| ७. | सदस्य | | | |

**<u>पेश गर्ने कर्मचारीको</u>**

नाम :–
दस्तखत :–
पद :–

**<u>स्वीकृत गर्ने पदाधिकारीको</u>**

नाम :–
दस्तखत :–
पद :–

**दर्ता गर्ने कार्यालयको छाप:-** **दर्ता**

## अनुसूचि- १

(विनियमको दफा ५ संग सम्बन्धीत)

### संस्थाको चिन्ह र छाप

संस्थाको चिन्ह वा छापको लोगो यस प्रकार हुनेछ ।

यस संस्थाको चिन्ह वा छाप गोलो घेराभित्र सादा पृष्ठभुमिमा फैलाइएको दुई हत्केला माथी **झी** शब्द र स्थापना साल जनाउने **२०७८** रहनेछ र बाहिरी घेरामा माथिल्लो अर्धघेरामा **झी बहुउद्देश्यीय सहकारी लि**. र तल्लो अर्धघेरामा **थुलुङ दुधकोशी -९, लोखिम** रहने छ ।

## अनुसूची-२

**(थुलुङ दुधकोशी गाउँपालिकाको सहकारी ऐनको दफा ४२ तथा विनियमको दफा ४६ सँग सम्वन्धित)**

श्री ....................................... सहकारी लिमिटेड

..............................

सदस्यता दर्ता किताव

| क . सं. | सदस्यको नाम | बाजे वा ससुराको नाम | बाबुको नाम | पतिको नाम | उमेर | ठेगाना | पेशा | खरिद गरेको शेयर संख्या | सदस्य भएको मिति | मनोनित हकवालाको नाम | उमेर | ठेगाना | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | |

**अनुसूची- ३**
(विनियमको दफा १९ संग सम्वन्धित)

**श्री भ्री बहुउद्देश्यीय सहकारी लिमिटेड, लोखिम**

**थुलुङ दुधकोशी गाउँपालिका, सोलुखुम्बु**

(थुलुङ दुधकोशी गाउँपालिकाको सहकारी ऐन २०७५ बमोजिम स्थापित)

# शेयर प्रमाण-पत्र

सदस्यता नं...... मिति....................

श्री .......................................... को नाति/नातिनी श्री ................................... को छोरा/छोरी, ................... जिल्ला ....................गाउँपालीका, वडा नं. ........... बस्ने श्री.....................................ले यस भ्री बहुउद्देश्यीय सहकारी लि. को रु. ........... दरको शेयर नं. .............. देखि .................. सम्मको जम्मा .....................कित्ता शेयर वापत जम्मा रु....................... (अक्षरेपी......................................मात्र) बुझाई यस संस्थाको शेयर खरीद गर्नु भएकोले यस संस्थाको छाप लागेको यो प्रमाण पत्र प्रदान गरिएको छ ।

..................... ........... ................................... ..............................

संस्थाको छाप व्यवस्थापक अध्यक्ष

## शेयर दाखिला विवरण

| क्र.स | प्रति शेयर मूल्य | शेयर संख्या | शेयर खरिद मिति | बुझाएको जम्मा रकम | दाखिला खारेज | | दाखिला खारेज गरी पाउनेको | | बाँकी शेयर | संस्थाबाट प्रमाणित गर्नेको | | संस्थाको छाप |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | भएको मिति | शेयर कित्ता | नाम | ठेगाना | | नाम | दस्तखत | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

# अनुसूचि- ४

(दफा ५६ संग सम्बन्धित)

शपथ ग्रहण

म....................................., झी बहुद्देश्यिय सहकारी लिमिटेड, लोखिमको सञ्चालक समितिको ..........................पदमा ............ साधारणसभाबाट निर्वाचित भएकोमा पदाधिकारीको हैसियतवाट कुनै किसिमको लोभ ,लालच र मोलाहिजा नगरी पक्षपात रहित ढंङ्गवाट निर्णय गर्नेछु । मलाई ज्ञात हुन आएको सहकारी र संस्थासँग सम्बन्धीत कुनै गोप्य कुरा आधिकारीक व्यक्ति वाहेक अन्य कसैलाई म पदमा रहे वा नरहेको जुनसुकै अवस्थामा पनि प्रतक्ष्य वा अप्रतक्ष्य रुपमा भन्ने वा संकेत गर्ने छुईन ।

| सपथ ग्रहण गराउनेको | सपथ ग्रहण गर्नेको |
|---|---|
| सहीः- | सहीः- |
| नामः- | नामः- |
| | पदः- |